Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३३, २०७७ साल वैशाख २३ गते मंगलबार (Mayl,05, 2020) www.janaakash.com.np मुल्य रू १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np


## सूचना

जन आकाश राष्ट्रिय साप्ताहिक विगत लामो समयदेखि निरन्तर प्रकाशित भइरहेको जानकारी गराउँदै आएका छौं । विश्व कोरोनो भाइरस (कोभिड-१९)ले आक्रान्त भइरहेको बेला नेपाल पनि यसमा अछुतो रहन सकेन । त्यसैले यस लकडाउन अवधिभरी यस साप्ताहिकले पाठक सामु रङ्गिन निकाल्न नसकेको हुँदा त्यसमा आम पाठक वर्ग, विज्ञापनदाता, शुभेच्छुकहरुलाई जानकारी गराउँदै यस लकडाउन अवधिभर श्याम स्वेतमा प्रकाशित गर्न बाध्य भएका छौं ।

सम्पर्कः ४१६७५७८ (बागबजार), मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# प्रधानमन्त्रीको राजीनामा तत्कालका लागि 'क्लोज'



काठमाडौं । लामो विवाद र शक्ति संघर्षलाई अन्त्य गर्दै सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एकजुट भएको छ । शनिबार बालुवाटारमा बसेको नेकपा सचिवालय बैठकले पार्टीभित्र देखिएका सबै विवाद अन्त्य गर्दै एकजुट भएर अघि बढ्ने निर्णय गरेको हो । बैठकले सबै विवाद अन्त्य गर्दै सरकार पार्टीसँगको समन्वयमा अघि बढ्ने र जनताको जनादेशअनुरूप आर्थिक र सामाजिक रूपान्तरणका गतिविधि सञ्चालन गर्ने निर्णय गरेको नेकपा सचिवालय सदस्य तथा प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए । नेकपा एकजुट भएसँगै प्रधानमन्त्रीको राजीनामाको विषयसमेत 'क्लोज' भएको छ ।

सचिवालय बैठकमा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहालले आत्मालोचना गरेका छन् । प्रधानमन्त्री ओलीले सरकार सञ्चालनका विषयमा भएका केही कमी कमजोरीलाई आफूले आत्मसात् गरेको र भविष्यमा यस प्रकारका कमजोरी हुन नदिने प्रतिबद्धता जनाएका थिए । सरकारले दुई अध्यादेश जारी र खारेज गरेसँगै देखिएको विवादले पार्टी नै फुट्ने संघारमा पुगेको विश्लेषण हुँदै गर्दा अध्यक्षद्वयले एकअर्कासँग समन्वय गरेर अगाडि बढ्ने भनेका छन् ।

'सरकार सञ्चालनका क्रममा भएका कमी कमजोरीका कारण पार्टीलाई पनि असर परेको मैले बुझेको छु,' ओलीको भनाइ उद्धृत गर्दै प्रवक्ता श्रेष्ठले भने, 'सरकारका कामकारवाहीबारे आत्मालोचित हुन तयार छु । सरकार सञ्चालनका क्रममा पार्टीसँग हुन नसकेको समन्वयलाई अब जीवन्त राखेर अघि बढ्नेछु ।' यसैगरी, नेकपामा कार्यकारी अध्यक्षको समेत जिम्मेवारी पाएका दाहालले आत्मालोचना गरेका छन् । उनले सरकारलाई पार्टीबाट सक्दो साथ एवं सहयोग हुन नसकेको अवस्थालाई लिएर आत्मालोचना गरेको श्रेष्ठले बताए । साथै दाहालले विभिन्न गुटहरू सञ्चालन गर्दा पार्टी कमजोर भएकाले त्यस प्रकारको गुट आफूले सञ्चालन नगर्ने र अन्यले पनि गर्न नहुने भन्दै आत्मालोचना गरेका हुन् ।

'अध्यक्ष दाहालले पनि आत्मालोचना गर्नुभएको छ,' श्रेष्ठले भने, 'पार्टीका गतिविधि जीवन्त र

बाँकी ८ पृष्ठमा

# सरकारको वैधता सकियो: कांग्रेस



काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारले ल्याएको अध्यदेश र त्यसको फिर्ता पछाडीको अवस्थामा वर्तमान सरकारको वैधता सकिएको बताएको छ । गत बुधबार केन्द्रिय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमिति बैठकले सरकारले ल्याएको राजनीतिक दल र संवैधानिक परिषद् सम्वन्धि दुई अध्यादेश र त्यसको फिर्ता पछाडी सरकारको वैधता सकिएको बताएको हो । कांग्रेसले सो अध्यादेशका सम्वन्धमा राष्ट्रपतिबाट देखाइएको ब्यवाहर समेत गलत भएको निश्कर्ष निकालेको छ । नेता अर्जुननरसिंह केसीले पछिल्लो पटक सरकारले ल्याएको अध्यदेश, अध्यादेशमा राष्ट्रपतिले दोखाएको ब्यवहार र वर्तमान राजनीतिक अवस्थाका विषयमा बैठकमा छलफल भएको बताए ।

'पछिल्लो पटक सरकारले ल्याएको अध्यदेश, अध्यादेशमा राष्ट्रपतिले दोखाएको ब्यवहार र वर्तमान राजनीतिक अवस्थाका विषयमा बैठकमा छलफल भयो, राष्ट्रपतिको भूमिकाका विषयमा धेरैको गुनासो छ, अध्यादेश फिर्तापछि सरकारले वैधता गुमायो भन्ने बैठकको निश्कर्ष हो,' नेता केसीले भने ।

यसैगरी सांसद अपहरण काण्ड र सो घटनाका सम्वन्धमा प्रहरी पक्षबाट मुद्धा दर्ताका विषयमा भइरहेको आलटाल प्रति समेत बैठकमा छलफल भएको नेता केसीले जानकारी दिए । बैठकले संवैधानिक व्यवस्था अनुसार १५ जेठ भित्रै बजेट ल्याइसक्नुपर्ने भएकाले तत्काल संसद बैठक सुचारु गर्न माग समेत गरेको छ ।

यस्तै सरकारले कोरोना संक्रमणको अन्त्यका लागि आवश्यक रणनीति बनाउँन नसकेको भन्दै कांग्रेसले संसद बैठक मार्फत रणनीति बनाइनु पर्ने निश्कर्ष निकालेको छ । बैठकमार्फत कांग्रेसले आगामी आर्थिक वर्षको बजेटमा स्वास्थ्य क्षेत्रको बजेटलाई विशेष प्राथमिकतामा राखी वजेट विनियोजन गर्न समेत माग गरेको छ । यस्तै देश कोरोना संक्रमणसँग लडिरहेको सन्दर्भमा कोरोना सचेतना, कोरोनासँग लड्न आवश्यक सामग्री, नागरिकको उपचार र राहतलाई

बाँकी ८ पृष्ठमा

## संघीय संसदमा गौतम सिफारिस

काठमाडौं । संघीय संसद सचिवालयका महासचिवमा भरतराज गौतमलाई सिफारिस गरिएको छ । राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिना र प्रतिनिधि सभाका सभामुख अग्नि सापकोटाले संयुक्त रुपमा गौतमलाई महासचिव नियुक्त गर्न राष्ट्रपति समक्ष सिफारिस गरेका हुन् । उक्त सिफारिस अनुसार राष्ट्रपति विद्यादेवी भण्डारीबाट महासचिवमा उनको नियुक्ति हुनेछ ।

## ३ जनाविरुद्ध अपहरणमा उजुरी दर्ता

काठमाडौं । काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयले अपहरण तथा शरीर बन्धक कसुरमा सांसदहरु महेश बस्नेत, कृष्णकुमार श्रेष्ठ 'किसन' र पूर्व आइजिपी सर्वेन्द्र खनालबिरुद्ध प्रहरीले जाहेरी दर्ता नगरेको विषयमा प्राप्त उजुरी दर्ता गरेको छ । सरकारी वकिल कार्यालयले अब काठमाडौं प्रहरी परिसरलाई जाहेरी दर्ता गरि आवश्यक अनुसन्धान अगाडि बढाउन निर्देशन दिने छ । सरकारी वकिल कार्यालयले जाहेरी दरखास्तको सक्कली प्रति प्रहरी कार्यालयलाई पठाउने छ ।

समाजवादी पार्टीका सांसद सुरेन्द्र यादवले आफूलाई अपहरण गरेको भन्दै प्रहरीले जाहेरी लिन नमानेको विषयमा सरकारी वकिल कार्यालयमा उजुरी गरेका थिए । यसअघि काठमाडौं प्रहरी परिसरले बस्नेत, श्रेष्ठ र खनालबिरुद्ध जाहेरी लिन मानेको थिएन। सरकारी वकिल कार्यालयले उजुरीको अध्ययन गरि दर्ता गर्ने बताएको थियो ।

मुलुकी फौजदारी कार्यविधि

बाँकी ८ पृष्ठमा

# नेपालगञ्ज सिल, नाकामा कडाई

नेपालगञ्ज । नेपालगञ्जमा कोरोना सङ्क्रमणको जोखिम वढेसँगै बाँकेमा उच्च सतर्कता अपनाइएको छ । नेपालगञ्जमा आइतबार थप कोरोना सङ्क्रमित देखिएसँगै सिङ्गो जिल्लाको सुरक्षा व्यवस्था कडा पारेको प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले जानकारी दिए ।

स्थानीय प्रशासनले नेपालगञ्ज उपमहानगरपालिकाको डिएसपी रोड, महेन्द्र पार्क, धम्बोझी र एकलैनी क्षेत्रलाई यसअघि नै पूर्णरुपमा सिल गरिसकेको छ । उाका अनुसार सङ्क्रमण पुष्टि भएसँगै सङ्क्रमितसँग सम्पर्कमा आएका व्यक्तिको पहिचानका लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मी 'कन्ट्र्याकट ट्रेसिङ'मा जुटेको छन् ।

प्रजिअ खड्काले भने "उच्च सतर्कता अपनाइएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसेर थप कदमका बारेमा निर्णय लिइन्छ ।" उनले कोरोना सङ्क्रमणको जोखिम हुन नदिन उच्च सावधानी अपनाउन र लकडाउनको पूर्ण पालना गर्न सबैमा अपिल गर्नुभएको छ । लकडाउनको ३८ औं दिन यहाँ सङ्क्रमण देखिएको थियो ।

नेपालगन्ज-८ स्थित जोलाहनपूर्वास्थित अन्सारी मस्जिदका मोअज्जीन (नमाज पढाउने व्यक्ति)मा पहिलो पटक सङ्क्रमण पुष्टि भएको हो । मोअज्जीनलाई कोरोना देखिएपछि पूरै टोललाई सिल गरेर गत शनिबार ९० जनाको स्वाब सङ्कलन गरिएको थियो । तीमध्ये थप १५ जनामा कोरोना सङ्क्रमण देखिएको छ ।

स्थानीय प्रशासनले नेपालगञ्ज उपमहानगरपालिकाको डिएसपी रोड, महेन्द्र पार्क, धम्बोझी र एकलैनी क्षेत्रलाई यसअघि नै पूर्णरुपमा सिल गरिसकेको छ । सङ्क्रमण पुष्टि भएसँगै सङ्क्रमितसँग सम्पर्कमा आएका व्यक्तिको पहिचानका लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मी 'कन्ट्र्याकट ट्रेसिङ'मा जुटेको छन् कोरोना सङ्क्रमित सबै उनकै टोलका बासिन्दा हुन् । सबैको आइसोलेसनमा राखेर उपचार भइरहेको आइसोलेसन अस्पताल खजुराका प्रमुख डा प्रकाश थापाले जानकारी दिए । आइसोलेसन सेन्टर रहेको खजुरास्थित सुशील कोइराला क्यान्सर अस्पतालमा सङ्क्रमित भर्ना भएसँगै खजुरा गाउँपालिकाले पनि उच्च सतर्कता अपनाएको छ ।

सङ्क्रमितको सङ्ख्या बढेसँगै गाउँपालिकाले सोमबार बिहान ६ बजेदेखि लागु हुने गरी पूरै पालिकालाई सिल गरेको छ । सङ्क्रमित थपिएसँगै उनीहरुलाई भेट्न आउने तथा अन्य गतिविधिका कारण जोखिम बढ्न सक्ने भन्दै पूरै पालिका सिल गरिएको गाउँपालिकाका अध्यक्ष किस्मतकुमार कक्षपतिले जानकारी दिए ।

गत शुक्रबार एक जना र आइतबार १५ जना सङ्क्रमित पुष्टि भएका १६ जनाको खजुरास्थित क्यान्सर अस्पतालको आइसोलेसन राखेर उपचार भइरहेको छ । सङ्क्रमित सबैको स्वास्थ्य अवस्था सामान्य रहेको जिल्ला स्वास्थ्य

बाँकी ८ पृष्ठमा

## वैशाख २६ गते संसदको बजेट अधिवेशन बोलाउन राष्ट्रपतिलाई सिफारिस

काठमाडौं । सरकारले संसदको बजेट अधिवेशन यहि वैशाख २६ गते बोलाउनका लागि राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको छ । मन्त्री परिषदको आइतबारको बैठकले बजेट अधिवेशन वैशाख २६ गते बोलाउनका लागि सिफारिस गर्ने निर्णय गरेको हो । जेठ १५ गते बजेट ल्याउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । सोही अनुसार बजेट ल्याउन सहज हुने गरी बजेट अधिवेशन बोलाउन सिफारिस गरिएको हो । सरकारको सिफारिसपछि संसदको अधिवेशन राष्ट्रपतिले आह्वान गर्ने व्यवस्था रहेको छ । अधिवेशन सुरु भए लगत्तै पूर्व बजेटमाथि छलफल सुरु गर्ने तयारी रहेको संसद सचिवालय स्रोतले जनाएको छ । यस्तै जेठको पहिलो हप्ता सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गर्ने र जेठ १५ मा बजेट ल्याउने तयारी रहेको छ ।

## अनलाइन अध्ययनका लागि निशुल्क इन्टरनेट उपलब्ध गराउन नेविसंघको माग

काठमाडौं । नेपाल विद्यार्थी संघ (नेविसंघ)ले अनलाइन अध्ययनका लागि विद्यार्थीहरुलाई निःशुल्क इन्टरनेट उपलब्ध गराउन नेपाल टेलिकमसँग माग गरेको छ । लकडाउनमा विद्यार्थीहरुको पठनपाठन बन्द भएको र विश्वविद्यालय एवं विद्यालयहरुले अनलाइन कक्षा सुरु गरेको अवस्थामा विद्यार्थीलाई सामाजिक उत्तरदायिन्व अर्न्तगतको बजेटबाट निःशुल्क इन्टरनेट उपलब्ध गराउन नेविसंघले माग गरेको हो ।


नेविसंघले हिजो आइतबार टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै विद्यालय तथा क्यमम्पसहरुसँग विवरण लिएर निःशुल्क इन्टरनेट उपलब्ध गराउन माग गरेको हो । नेविसंघका महामन्त्री दीपक भट्टराईले विश्व स्वास्थ्य संगठनले कोरोनाको असर दुई वर्षसम्म पर्ने बताइसकेको र यसले नेपालको शिक्षामा पनि असर पार्ने भएकाले अनलाइन कक्षाको व्यवस्था गर्न विद्यार्थीलाई निःशुल्क इन्टरनेट उपलब्ध गराउनुपर्ने बताए । नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले निःशुल्क इन्टरनेट उपलब्ध गराउँदा टेलिकमको नेटवर्कमा असर पार्ने भएकाले न्यूनतम शुल्कमा उपलब्ध गराउने व्यवस्था गरिएको बताए ।

बाँकी ८ पृष्ठमा

## लकडाउनमा विद्यार्थी भर्ना नगर्न निर्देशन

काठमाडौं । लकडाउनको अवधीमा विद्यार्थी भर्ना नगर्न सरकारले निर्देशन दिएको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले लकडाउनको समयमा कुनै पनि विद्यालयलाई विद्यार्थी भर्ना कार्यक्रम अघि नबढाउन निर्देशन दिएको हो । यस्तै, भर्नाको नाममा शुल्क लिने वा बैंक खातामा रकम जम्मा गर्न लगाउने कार्य नगर्न पनि विद्यालयहरुलाई शिक्षा मन्त्रालयले आग्रह गरेको छ । शिक्षा मन्त्रालयले अनलाइन पठनपाठन भन्दै शुल्क नलिन विद्यालयलाई सचेत समेत गराएको छ । यस्तै, एसईई, कक्षा ११ र कक्षा १२ को परीक्षाको सन्दर्भमा कुनै निर्णय नभएको, तर सुक्ष्म अध्ययन भने भइरहेको शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माले बताए ।

बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नेपालको शिक्षा खँस्कदो

नेपालमा पहिलोपल्ट शिक्षा, शिक्षक र देशको भविष्यसँग जोड्दै र शिक्षामा भाषाहरूको प्रयोग किन र कसरी भन्ने विषय र प्रश्नहरूमा बहस प्रारम्भ हुन थालेको छ। विभिन्न कोणबाट आएका तर्क र प्रश्नहरूले सम्भवतः नीति निर्माता, शिक्षाविद, सरकारहरू, शिक्षक तथा अभिभावकहरूको दिमागमा शिक्षाको महत्व र प्रभावका बारेमा सकारात्मक असर परेको हुनुपर्छ। राजनीतिक, प्रशासनिक र प्राज्ञिक नेतृत्वलाई शैक्षिक मुद्दामा केन्द्रीत भएर सोच्न र नीति बनाउन दबाव महसुस भएको बुझ्न सकिन्छ। तर दबाव र प्रभावले मात्रै नेतृत्वलाई सजिलै नयाँ शिक्षाको विकास र प्रयोगमा क्रियाशील बनाउन सकिदैन। किनभने राजनीतिक रूपमा स्वतन्त्र भएतापनि हामीमा औपनिवेशिक मानसिकता कायम नै छ। जसका कारणले शिक्षालाई औपनिवेशिक मानसिकताको प्रभावबाट मूक्त गराउन सकिएको छैन। तर पनि अहिले भइरहेका प्रयासहरूलाई सकारात्मक सुरूवात मान्नु पर्छ।

आज शैक्षिक नतिजा निरासाजनक किन देखियो ? सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि राम्रो देखिनु र बुझिनुका कारणहरू के के हुन ? शैक्षिक उत्पादन देशमा भन्दा परदेशमा रमाउने वातावरण कसरी बन्यो ? देशको हितमा भन्दा परदेशको ईच्छामा चल्ने मनोविज्ञान कसरी विकास भयो ? नागरिक पलायन र पतनमा शिक्षाको भूमिका के के छन् ? शिक्षकले आफ्नो पेसाप्रति गर्व गर्न किन सकिरहेका छैनन् ? आफूले पढाउने शिक्षालयमा सरकारी तलबी शिक्षक तथा प्राध्यापकहरूले आफ्ना छोराछोरीलाई किन पढाउँदैनन् ? सार्वजनिक शिक्षाप्रति अभिभावकहरूको विश्वास किन कमजोर भयो ? शैक्षिक नीति, विधि, कानुन र व्यवस्थामा समस्याहरू के के छन् ? शिक्षाको राष्ट्रिय उद्देश्य, आवश्यकता, नीति र पाठ्यक्रममा तालमेल छ कि छैन् ? शिक्षामा भएको लगानी र प्रतिफलबीचको सन्तुलन किन राम्रो देखिएन ? आदि प्रश्नहरूमा केन्द्रीत भएरमात्र आलोचनालाई बुझ्न र विश्लेषण गर्न थालियोभने मात्र शिक्षा व्यवस्थामा भएका समस्याहरूको मुख्य जड थाहा पाउन र समाधान गर्न सकिन्छ।

राजनीतिक क्रान्तिलाई संस्थागत गर्न नेपालको संविधान कार्यान्वयनको चरणमा छ। यसको पूर्ण कार्यान्वयन शैक्षिक, सामाजिक र आर्थिक क्रान्तिपछि मात्रै सम्भव हुन्छभन्ने वास्तविकतालाई राजनीतिक, प्रशासनिक, प्राज्ञिक र न्यायिक नेतृत्वले मनन गर्न सकेको देखिदैन। किनभने सरकारले गठन गरेको उच्चस्तरीय शिक्षा आयोगले यथास्थितिमा परिवर्तन गर्ने सोचका साथ शिक्षा व्यवस्थामाथि बहस र चिन्तन गरेर सुझाव दिएको देखिन्छ। अन्यथा उच्चस्तरीय शिक्षा आयोगले माथिका प्रश्नहरूलाई आधार बनाएर छलफल अघि बढाएको हुने थियो। फेरि उच्चस्तरीय शिक्षा आयोगलाई कुन-कुन मान्यता तथा दर्शनबाट निर्देशित हुन स्वतन्त्र रह्यो ? आयोगले दाताहरूको प्रभाव र दबावलाई कसरी लियो ? भन्ने प्रश्नहरूमा आयोगले स्पष्ट दृष्टिकोण दिन सकेको छैन्। नेपालको अर्थ व्यवस्था जसरी नव उदारीकरणले तहसनहस बनाउँदैछ त्यसरी नै शिक्षा व्यवस्था निजिकरण र निशुल्कीकरणले बर्बाद पार्दैछ भन्ने यथार्थलाई सम्बन्धित सरोकारवालाहरूले मनन गरेको पाइएन। जसका कारणले गर्दा नेपालको अर्थ र शिक्षा व्यवस्थाले अपेक्षित नतिजा दिन सकेन।

# ईश्वर, भाइरस र ओलीराज

सूर्यबहादुर तामाङ

"कुन मन्दिर जान्छौं यात्री, कुन सामग्रीले पूजा गर्ने हो ?" यसरी लक्ष्मीप्रसाद देवकोटाले भक्तजनलाई मात्रै प्रश्न गरेको होइन ईश्वरको अस्तित्वलाई नै औंला उठाएका हुन्। ईश्वरको अस्तित्वलाई चुनौती दिनु अवचेतनमनले मुक्ति खोज्नु हो अथवा मानवताभन्दा माथि कोही छैन भनेर मानवीयताको आत्म सम्मान गर्नु हो ।

बंगलादेशकी लेखिका तसलिमा नसरीनले 'यदि अल्लाहले कोभिड १९ बाट बचाउने हो भने किन मस्जिद छोडेर भागेको' भनेर ईश्वरवादीहरुलाई प्रश्न तेर्स्याइन्, यसरी ईश्वरको अस्तित्वमाथि जब्बर शंका र प्रहार गर्ने काम वैज्ञानिकहरुले गरेकाले धेरैले अकल्पनीय र असामयिक मृत्यु बहन गर्नु परेको इतिहास हामीले नपढेको होइन ।

विज्ञानले जतिसुकै तथ्य, प्रमाण पेश गरेर यो ब्रह्माण्ड र मानवलगायत सबै प्राणीको उत्पत्ति समयक्रममा विभिन्न चिज र प्रजातिबाट भएको सत्य कुरा खुलाइसकेको छ। यति सत्य कुरा भन्दाभन्दै पनि मानवजातिले त्यसमा पनि विशेषतस् पूर्वीय समाजले यसलाई पूर्ण रुपले ग्रहण गरेको पाइँदैन ।

विज्ञानले जतिसुकै तथ्य, प्रमाण पेश गरेर यो ब्रह्माण्ड र मानवलगायत सबै प्राणीको उत्पत्ति समयक्रममा विभिन्न चिज र प्रजातिबाट भएको सत्य कुरा खुलाइसकेको छ। यति सत्य कुरा भन्दाभन्दै पनि मानवजातिले त्यसमा पनि विशेषतः पूर्वीय समाजले यसलाई पूर्ण रुपले ग्रहण गरेको पाइँदैन ।

दिनभरि बायोलोजी, फिजिक्स पढेरर पढाएर पनि बेलुका घरको आँगनमा बनाइएको मठरमन्दिर र कोठामा झुन्ड्याइएको तस्विरमा आएर ढोग्ने डाक्टर र वैज्ञानिकहरु तपाई हामीले नदेखेरनसुनेको पनि होइन, एउटा काल्पनिक पात्रसँग तपाई हामी यति धेरै किन विश्वास गर्दै छौं? प्रश्नको शुरुवात यहींबाट गर्नुपर्दछ ।

म जन्मे हुर्केको तामाङ समाजमा मेरो पुस्तासम्म आफूभन्दा उमेरमा ठूलाहरुको नाम बोलाउनु हुँदैन भनिन्छ । त्यसैले छुट्टै बोलाउने नाम (निकनाम)बाट वा साइनो तथा गन्ती (जेठा,माइला..) भनेर बोलाउनुपर्दथ्यो, मेरी आमाहरु छिमेकी गाउँबाट दौरा(सुरुवाल र पेन्ट लगाउने मान्छे देखेमा भाग्नुहुन्थ्यो रे । यस्तो समाजमा हुर्केकोरहुर्काइएको मान्छेलाई आफुभन्दा ठूलाले सिकाएकोमा हवसमा हवस थपेर मुन्टो बटार्नु बाहेक सत्य, तत्य, तर्कबितर्क, आलोचना र समालोचना गर्नु भनेको कल्पनाबाहिरको कुरा हो, मैले पनि पछि थाहा हुन पाएँ, यहाँ समाज र राज्य नै यसरी चलेको रहेछ ।

बच्चाहरुको मनमा तोतेबोलीसँगै ईश्वर र भूतको काल्पनिक पात्र थोपरेपछि, उनीहरुका घरआँगन, मूलढोका र सुत्ने कोठामा विभिन्न प्रतिमूर्ति, चित्र जबर्जस्ति घुसाईदिएपछि बालकको संसार पनि ईश्वरकै अधीन हुन्छ, स्कूलमा शिक्षक वर्गले सरस्वतीलाई ज्ञानकी देवी हो भनेर मन्दिर वा तस्विरमा ढोग गर्नेरगराउने कार्य गर्छन् । समाज पनि प्रचलित संस्कार र संस्कृतिले यस्तै सिकाउने गर्दछन् भने राज्यले पनि यसैलाई प्रबर्धन गरिरहेका छ ।

एउटा मानव जन्मेर बोली फुट्न नपाउँदैदेखि समाज, स्कूल र राज्य सबै मिलेर ईश्वरको साङ्लोले बाँधिएको हुन्छ, ईश्वरले मात्रै सबै कुरा जानेको हुन्छ भनी 'फल्स एनालाइसिस' शिक्षा दिएर मान्छेलाई चेतना विकास गर्न रोक्ने परिवार, समाज र राज्य आज नेपालीहरुको लागि घातक भएको छ । मान्छेको चेतना विकास भएर अवचेतन मनसम्म पुगेपछि व्यक्ति आफै ईश्वर बन्न जाने हुन्छ, यस्तो समाज र राज्यमा बायोलोजी र फिजिक्स पढेर पनि आखिरमा बच्चैदेखिको साङलोबीचमा घुस्ने अल्पकालीन शिक्षाले कहाँ तोड्न सक्छ र ?

एउटा मानव जन्मेर बोली फुट्न नपाउँदैदेखि समाज, स्कूल र राज्य सबै मिलेर ईश्वरको साङ्लोले बाँधिएको हुन्छ । ईश्वरले मात्रै सबै कुरा जानेको हुन्छ भनी 'फल्स एनालाइसिस' शिक्षा दिएर मान्छेलाई चेतना विकास गर्न रोक्ने परिवार, समाज र राज्य आज नेपालीहरुको लागि घातक भएको छ, मान्छेको चेतना विकास भएर अवचेतन मनसम्म पुगेपछि व्यक्ति आफै ईश्वर बन्न जाने हुन्छ । यस्तो समाज र राज्यमा बायोलोजी र फिजिक्स पढेर पनि आखिरमा बच्चैदेखिको साङलोबीचमा घुस्ने अल्पकालीन शिक्षाले कहाँ तोड्न सक्छ र? राज्यलाई हिजो ईश्वर भनेर पाठ पढाउने समाज र पाठ्यक्रम तपाई हामीले पढेकोरपढाएको थियो, विभिन्न नीति तथा धर्मशास्त्रको आधारमा कानुन बनाएर राज्य संचालकको विरोध गर्नु हुँदैन भनेर ईश्वरको नाममा शासक र शासित हुँदै आइरह्यो ।

कोरोना संक्रमणको एकोहोरो समाचार बनिरहेको नेपालमा दुई वटा अध्यादेश छापामारको शैलीमा ल्याउने र खारेज गर्ने अपवित्र कार्यले इपिसेन्टर बालुवाटारमा सिफ्ट बनाएर प्रतिपक्षीहरुको जुँगा उखेली ब्युँझाउने काम गराइयो, प्रधानमन्त्री केपी ओलीसँग मेरो दलीय, भेगीय, जातीय सम्बन्ध छैन तर जैवीय लिङ्गीय (पुरुष) सम्बन्ध छ र त्योभन्दा ठुलो राज्य(नागरिकको भावनात्मक सम्बन्ध छ, म नेपाल राष्ट्र(राज्यको सार्वभौम नागरिक हुँ, कुनै बासिन्दा वा जनता मात्रै होइन, केपी ओली व्यक्ति मात्रै होइनन् राज्यका संचालक हुन्, तर उनले मजस्ता आम सार्वभौम नागरिकको हित र रक्षा कति गरे प्रश्न उठेको छ ।

आफू र आफ्ना हितैषीका गल्ती नदेख्नेरअनुभव नगर्ने, अरुका दोष र असत्य मात्रै देख्ने राज्य सचालकहरुको पुरानै रोग हो । त्यही रोगबाट ग्रस्त भएर अधिकांश शासकले नेपाली नागरिक र समाजविरुद्ध विषवमन गर्दै आएको पाइन्छ । यसमा ओली अब्बल देखिएका छन्, र विश्व रेकर्ड राख्ने दौडमा छन् । एउटा नागरिकको लागि राज्य आफ्ना आमाबुबाजस्तै सम्मान र भरोसाको केन्द्रबिन्दु हुन्छ । कुनै तर्क, राजनीतिकवाद वा राजनीतिक दलले नेपाललाई बनाउने होइन । देश बनाउने गणितीय सूत्र हुँदैन तर इमान्दारी, प्रणाली, कार्यसम्पादन गर्ने कला, त्याग र केही मूल्यमान्यताजस्ता आधारभूत कुरा अवश्य चाहिन्छ, ओलीले प्रयोग गर्दै आएका उखान-टुक्काले तत्कालीन वातावरणलाई हाईसन्चो, उत्साहित र उमङ्ग बनाउन सक्लान् तर देश निर्माणको दर्शन र नागरिकको आत्मसम्मान बढाउन सक्दैनन् ।

विज्ञानले प्रमाणित गरेको छ- तर्क गर्ने मान्छेहरुको रचनात्मक क्षमता विकास भएको हुँदैन। देश र नागरिकको लागि तर्क भन्दा रचनात्मक र दर्शन भएको क्षमतावान राजनेता चाहिरहेको छ, ओली भने तर्क, उखान-टुक्का, झुट र जोकका इन्साइक्लोपेडिया हुन्, राज्यले मानवीय सम्बेदनामाथि प्रहार गर्न तथा आफू असल र सफल भएको देखाउन अनेक किसिमको इन्साइक्लोपेडिया निर्माण सदैव तयार गरेको हुन्छ । यस्तो उल्टो यात्राको बाटोमा कमलको फूल बिछ्याउनेहरु दिनभरि बायोलोजी, फिजिक्स पढेररपढाएर बेलुका आँगनको मुर्तिमा ढोग्ने समुदायरवर्गले नै राजकाज सम्हालेको छ ओलीराजमा । विज्ञानले प्रमाणित गरेको छ( तर्क गर्ने मान्छेहरुको रचनात्मक क्षमता विकास भएको हुँदैन, देश र नागरिकको लागि तर्क भन्दा रचनात्मक र दर्शन भएको क्षमतावान राजनेता चाहिरहेको छ, ओली भने तर्क, उखान(टुक्का, झुट र जोकका इन्साइक्लोपेडिया हुन् । राज्यले मानवीय सम्बेदनामाथि प्रहार गर्न तथा आफू असल र सफल भएको देखाउन अनेक किसिमको इन्साइक्लोपेडिया निर्माण सदैव तयार गरेको हुन्छ । यस्तो उल्टो यात्राको बाटोमा कमलको फूल बिछ्याउनेहरु दिनभरि बायोलोजी, फिजिक्स पढेररपढाएर बेलुका आँगनको मुर्तिमा ढोग्ने समुदायरवर्गले नै राजकाज सम्हालेको छ ओलीराजमा । अर्थशास्त्री थेलरको 'इफेक्ट्स अफ इन्डोमेन्ट' (प्राप्तिको प्रभाव) वा सत्ताको लतमा राज्यको इन्जिनभित्र खिया लगाएर पाटपुर्जाहरुको संयोजन गर्न निकै उत्प्रेरित र दुस्साहस गर्दैछ ।

संयोगवस नेपालभित्र कोरोना भाइरसले कसैको अकालमा ज्यान गएको छैन । जबकि कोरोनाभन्दा जब्बर भएर परम्परागत भाइरसले नेपाललाई जकडिरहेको छ । समाज र राज्यले नेपालीहरुलाई जन्मने बित्तिकै यस्तै भाइरसबीच हुर्काउँदैछ, ती परम्परागत भाइरसलाई थप मलजल र वैधता प्रदान गर्न कोरोना भाइरस उच्च वर्गरसमुदाय र राज्यको लागि वरदान भएको छ, राज्य र मूलधारका पत्र(पत्रिकाले गरिब, अति बिपन्न भनी वर्ग(भाइरस निर्धारण गर्ने काम गरेका छन्, नेपालको मानवीय सूचाङ्कअनुसार निश्चित समुदाय र क्षेत्रका व्यक्तिरसमूहको आर्थिक अवस्था कमजोर छ । यस्तो वर्ग निर्धारणले उनीहरुको मनमा कस्तो चोट पर्ला ? सोच्नुपर्दछ ।

यो समयमा आर्थिक रुपमा सम्पन्न व्यक्तिहरुको मनमा कोरानाको हल्का भयको सिर्जना हुन्छ होला तर अन्यलाई आधारभूत आवश्यकताले चिथोरेको छ, आधारभूत आवश्यकताको अगाडि कोरानाको डर, बन्दाबन्दीको आदेश, भौतिक तथा मानसिक कष्ट प्रधान कुरा हुँदैन, कोरोनको भाइरसबाट छुटकारा पाउन सकिन्छ तर समाज र राज्यले सृजना गरेको जब्बर भाइरसले मानव समुदायको सम्मान र सभ्यताले कति र कहिलेसम्म सामना गर्नुपर्ने हो सुनिस्चित छैन ।

र अन्त्यमा

ईश्वर, राज्य अनि कोरोना भाइरस सबैको प्रतिरुप खतरनाक सावित भएको छ, काल्पनिक पात्रले मान्छेभित्रको चेतनालाई बाँधेको छ भने चेतनालाई चाहिँ राज्यले दबाएको छ । जुन देशको राज्यले चेतनालाई निषेध गर्दछ त्यो समुदाय र समाजमा ईश्वरतत्व लोप भई यस्तै कोरोना भाइरससँग अनावश्यक चिन्ता झेल्नु परेको छ । कोरोना फैलिएपछि हवाई र स्थलमार्गबाट आउने यात्रुलाई काठमाडौं र सिमाना क्षेत्रमा अनिवार्य क्वारेन्टाइन बसाएर, कोरोना परीक्षण गर्ने चेतना भएको भए आज बन्दाबन्दी गर्नुपर्ने र सिंगो समाजमा त्रसित हुनुपर्ने अवस्था आउने नै थिएन । यो समयमा नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था झन् भत्किएको छ र भत्किने अवस्था छ । हामीले सिकेको ईश्वरीय चेतनाले भन्दा मानवीय चेतनाले मानव जातिको मुक्ति र भाइरस (रोग, सामाजिक र राजनीतिक) हटाउन सक्ने हुन्छ । *(साभारः रातोपाटीबाट)*

तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?
हामीलाई सम्झनुहोस्

बालकन्या फर्निचर उद्योग
मन्थली-१, रामेछाप

यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ। अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ ।

प्रो. खुम्ब बहादुर श्रेष्ठ
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५

# प्रधानमन्त्री केपी शर्मा ओली: हिजो र आज

**कुन्दनकुमार झा**

नेपालका वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेपाली राजनीतिका एक ऐतिहासिक पात्र हुन् । राजनीति सँगसँगै प्रशासकीय कामकाजमा पनि असाधारण निर्णय लिने क्षमताले उहाँलाई एक कुशल र दूरदर्शी प्रशासकको रूपमा स्थापित गरेको छ ।

नेपालको राजनीतिक इतिहासलाई नजिकबाट अध्ययन गरेका विश्लेषकहरूमा उहाँको परिचय असाधारण छ । राजनीतिमा सम्मान र आलोचना हुनु स्वाभाविक नै हो र यस सन्दर्भमा प्रधानमन्त्री ओलीको पनि विभिन्न समयमा प्रशंसा र आलोचना हुँदै आएको छ ।

एकदशक यताको नेपाली राजनीतिलाई हेर्ने हो भने केपी शर्मा ओलीभन्दा प्रभावशाली नेता अरू देखिन्न । नेता प्रभावशाली कसरी बन्ने र केका आधारमा मूल्यांकन गरिने भन्ने कुरा आमजनमानसको चासोको विषय हुन्छ । ओलीलाई सफल भन्नु पनि तर्कसंगत हुनुपर्छ । नेपाली राजनीतिमा बितेको एकदशक हेर्दा यस दशकको सबैभन्दा महत्त्वपूर्ण २ उपलब्धि संविधानको निर्माण सँगै कार्यन्वयन र तत्कालीन समयका नेकपा माओवादी केन्द्र र नेकपा एमालेबीच भएको राजनीतिक एकता हो ।

यस दुवै प्रक्रियामा अहम् भूमिका निर्वाह गरेका देशका प्रधानमन्त्रीको नेतृत्व अविस्मरणीय र अन्य नेताभन्दा कयौं गुणा बढी प्रभावशाली देखिन्छ । यस समयमा देशले २०७२ सालको महाभूकम्प र भारतीय नेतृत्वले लगाएको नाकबन्दीको दुस्ख भोग्नुपर्‍यो । केपी शर्मा ओलीले राजनीतिमा पनि यसै समयमा आफ्नो असाधारण क्षमता प्रस्तुत गरे । भारतीय नाकाबन्दी र हस्तक्षेपकारी नीतिलाई नेपाली राजनीतिभित्र खुकुलो बनाएर समग्र राष्ट्रिय शक्तिहरूलाई एकजुट हुन मद्दत पुर्‍याएका नेता ओलीकै नेतृत्व र प्रयासमा बितेको निर्वाचनमा एक भएर चुनावमा प्रस्तुत भएको कम्युनिस्ट दल प्रथम स्थानमा रहन सफल भए । निर्वाचनमा नाम कम्युनिस्ट गठनबन्धनकै भएता पनि राजनीतिक मुखौटा भने केपी ओली नै रहे ।

प्रधानमन्त्री ओली यस समयमा कहीँ कतै विफल भए भने जस्तो अनुभूति आम जनमानसमा भयो भने त्यो विषय र सन्दर्भ मधेशवादको राजनीतिसँग जोडिएको रह्यो । यस समयमा राजयले एक गृहयुद्ध शरहको राजनीतिक क्रान्ति हालको मधेशमा देख्नु र भोग्नुपर्‍यो । देशका आमनेता भन्दा फरक स्वभावका प्रधानमन्त्रीको अभिव्यक्तिलाई मधेशभित्र मधेशवादी राजनीतिर्मीले चुनावी मुद्दा बनाउँदा देशभित्र बिखण्डनको आवज बलियो हुँदै गयो र यसले राष्ट्रिय एकता र अखण्डतालाई चुनौती दिँदै गयो । तात्कालीन समयमा २ कम्युनिस्ट शक्तिबीच एकता हुँदा सरकार र पार्टीको नेतृत्व आलोपालो सहमतिले गर्ने भएको कुरा अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको बुझाइ थियो तर पार्टीले नेतृत्व परिवर्तन गर्न भने मानेन । यो विषय एमालेमा बिलय भएका पूर्व माओवादीहरूलाई अस्तित्वको लडाईंभन्दा कम छैन ।

प्रधानमन्त्रीविरुद्धको मोर्चाबन्दीमा प्रचण्डलाई साथ दिने नेकपाभित्रका पूर्व एमाले वरिष्ठ नेताहरू पनि उत्तिकै सक्रिय छन् । पूर्व प्रधानमन्त्री माधव नेपाललाई अध्यादेशले एक अन्तिम अवसर दिएको छ र राजनीतिक रूपले निष्क्रिय रहेका पूर्वप्रधानमन्त्री प्रचण्डले एमालेभित्रको यिनै फूटलाई संस्थागत गर्ने पक्षमा उभिएका छन् । आफ्ना नेता कार्यकर्तालाई नेकपाभित्र माओवादीको अस्तित्व प्रभावकारी रहेको सन्देश दिन प्रचण्ड सरकार गिराउन लागेको बुझिन्छ । प्रधानमन्त्रीसमक्ष आएको चुनौती साधारण हैन र यस समस्याको जड पार्टीभित्रकै सत्तामोह रहेको छ ।

देशभित्र सफल देखिएका प्रधानमन्त्रीलाई यिनै पक्षहरूले विवादित र राजनीतिकरूपले थोरैमात्र भएपनि कमजोर बनाएको छ । राष्ट्रिय राजनीतिका नायक भएर उदाएका प्रधानमन्त्रीको भित्री संकट आफ्नै पार्टी भित्रका गुट(उपगुट हुन् । आजको देशको राजनीतिक अवस्थासम्म आइपुग्दा हामीले प्रधानमन्त्रीको असाधारण छवीको मूल्यांकन गर्दा विवादित अध्यादेश देख्छौं तर पछि फर्केर संविधान निर्माणमा उहाँको भूमिका, नाकाबन्दीको समयमा देखाएको साहस, कम्युनिस्ट एकतामा भूमिका र स्थिर सरकार सञ्चालनमा सशक्त मनोबल भने देख्दैनौं ।

प्रधानमन्त्री मधेश मामिलामा असफल हुनुमै देशको अखण्डता र राष्ट्रिय पहिचानको सुरक्षा भएको बुझ्ने शायद यस राज्यमा कमै छन् होला । मधेशवादी चरित्रप्रति गम्भीर रहेका प्रधानमन्त्रीको अध्यादेशको कदमले उहाँलाई दलबाहिरको खतराभन्दा आफ्नै वरिपरि रहेकाहरूको नियत सार्वजनिक गर्न मद्दत गरेको छ । अध्यादेशले संवैधानिक मूल्य र मान्यताको सुरक्षा नगरेको तर्क सैद्धान्तिकरूपमा ठीक रहेपनि प्रधानमन्त्रीको अभिप्राय भने गलत थिएन । एक असल नेतृत्वको विरोध गर्न एक महत्त्वपूर्ण मुद्दाको आवश्यकता हुन्छ र अध्यादेशको पानाले त्यस अभिप्रायलाई प्रधानमन्त्रीको विरोधमा आन्तरिक, राजनीतिक र अन्ततः समाजिकरूपले सारेको देखिन्छ ।

समकालीन राजनीतिक सहयात्रीहरूले यस समयको प्रतीक्षा लामो समयदेखि गरिरहेका थिए भने हाल प्रमुख प्रतिपक्षको भूमिकामा रहेका राजनीतिक मुद्दाविहीन नेपाली कांग्रेस लगायतका मधेशवादी दलले यस मुद्दालाई राष्ट्रिय स्तरमै फैलाउन सफल भए । अध्यादेशको योजनाले मधेशभित्र राष्ट्रिय संकटको रूपमा उदाएका मधेशवादी गठबन्धनलाई कमजोर बनाउने प्रधानमन्त्रीको योजना आज विफल भएको छ ।

मधेशमा उदाएका राजनीतिक शक्तिहरूले देशभित्र विभाजन र पहिचानको द्वन्द्व स्थापित गरेको देख्दा तिनै शक्ति केन्द्रहरूलाई विभाजन गर्नु मै राष्ट्रिय हितको संरक्षण हुने प्रधानमन्त्रीको बुझाइ थियो तर दुर्भाग्यपूर्णरूपले यस विषयले प्रधानमन्त्रीलाई बाह्य र आन्तरिक दुवैरूपले प्रभावित गरेको देखिन्छ । आज देशको राजनीति फेरि पनि संवेदनशील समयचक्रमा फसेको छ । कोरोनाभाइरसले ल्याएको विश्वव्यापी संकटसँग लडाईं गर्दै गरेको सरकारको नेतृत्व राजनीतिक उथलपुथलबाट ग्रसित भएको छ ।

प्रधानमन्त्रीको आलोचना चारैतिर हुँदैछ भने यसै समयमा उहाँको राजीनामासम्मको माग पार्टी भित्र र राष्ट्रको विभिन्न कुनामा उठ्न थालेको छ । देशको अवस्था जटिल र कमजोर छ । राष्ट्रिय राजनीतिमा सहमतिको र एकताको खाँचो भइरहँदा देशमा नेतृत्व परिवर्तनको खेल हुनुले राजनीतिक संकटकालको अवस्था सिर्जना हुनसक्छ । नेपालले हाल सामना गरिरहेको माहामारीको चुनौती आफैंमा कुनै राजनीतिक संकटभन्दा कम छैन ।

यसले कुनै र कुनैरूपमा देशको राजनीतिलाई पक्कै पनि असर पार्छ तर सरकारको नेतृत्वमाथि हाल उठेका प्रश्नहरूले यस गम्भीर अवस्थामा देश रहेको विषयलाई बोध गरेको देखिँदैन । देश महामारीको प्रकोपबाट कसरी उम्किने भन्ने विषयले गम्भीरता र आकर्षण पाएको छैन । संघीय नेपालको सबैभन्दा शक्तिशाली सरकारमाथि आज राजनीतिक प्रश्न उठेको छ र यस प्रश्नले सरकारको भविष्यसम्म निर्धारण हुने सक्ने प्रवल समभावना देखिन्छ । प्रधानमन्त्री ओली पार्टीको शीर्ष नेताहरूको घेराबन्दीमा छन् र यसले सरकारको ध्यान हाल उत्पन्न संकटभन्दा यस विषयतिर केन्द्रित भएको छ । प्रधानमन्त्रीसँग अब के कस्तो विकल्पहरू छन् भन्ने जिज्ञासा सर्वसाधारणमा छ र सरकार ढाल्ने प्रयत्न र अभिप्राय नेकपाकै शीर्ष नेताहरूबाट हुँदैछ ।

यस अवस्था र समयचक्रले सरकार र नेतृत्व विपक्षमा कुनैपनि मोड लिन सक्ने देखिन्छ र यसो भए यो नेपाली राजनीतिक इतिहासकै महत्वाकांक्षी र अप्रिय घटनामध्येको एक हुन्छ । प्रधानमन्त्रीको असफलतासँग ३ करोड नेपाली जनताको सपना जोडिएको छ । उहाँको नेतृत्व र छवीले नेपाली राष्ट्रिय अखण्डताको स्वर अहिलेको राजनीतिक समयमा एक गरेको छ । देशभित्र विदेशी शक्तिलाई निष्क्रिय गरेका प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको भारतमाथिको निर्भरता र नेपाली राजनीतिमा भारतको प्रत्यक्ष असरलाई कम गर्दै लगेको छ । चीनसँग नेपालको सम्बन्ध हालसम्म सफल र इतिहासकै उच्च स्थान छ । नेपालले प्रर‌राष्ट्रनीतिमा समदुरीको सिद्धान्तलाई आत्मसाथ गरेको देखिन्छ भने छिमेकी राष्ट्र भारत र चीनबाहिर नेपालले सक्रिय भूमिका निर्वाह गर्दै आएको छ ।

प्रधानमन्त्रीमाथि आफ्नै राजनीतिक दलका नेताहरूले एमसीसी पास गराउने आरोप लगाउँदै आएका छन् तर यस आरोपमा सैद्धान्तिक बल कुनै पक्षको देखिँदैन । नेपालमा राजनीति गर्ने शक्ति भारत र चीन पक्षधरमा मात्र विभाजित हुँदा यो अवस्था सिर्जना भएको देखिन्छ । नेपालको राष्ट्रिय हित संरक्षणमा भारत र चीन महत्त्वपूर्ण भूमिका छन् तर यो अवस्था भू(राजनीतिको उपज मात्र हो । राज्य अन्तर्राष्ट्रियस्तरमा सफल हुन यिनै २ मुलुकबाहिर देख्न सक्नुपर्ने हुन्छ । एमसीसी प्रधानमन्त्री केपी शर्मा ओलीको एक अन्तर्राष्ट्रिय नीतिको रूप रहेको बुझ्नुपर्छ ।

नेपाल राज्य राजनीतिकरूपले स्थिर नहुने हो भने विकासको अवधारणा सधैं प्रयोगसम्म मात्र सीमित हुन्छ । नेपालको सरकार प्रधानमन्त्रीको नेतृत्वमा अन्य सरकारको तुलनामा प्रभावशाली ढंगले बढेको छ र अहिले यस सरकारलाई कहीँ कतै कमजोर गर्न खोजियो भने यसले राजनीतिक दुर्घटना निम्त्याउने छ । प्रधानमन्त्री कार्यकारी प्रमुख पनि हुन् र यसअर्थमा राष्ट्रिय हित संरक्षण र प्रबर्द्धन गर्न उहाँलाई नेपाली जनता र राजनीतिक सहकर्मीहरूले समय सँगसँगै निर्णय लिन छूट दिनुपर्छ । राज्यले लिएको निर्णय नेतृत्वको भनेर बुझिन्छ र नेतृत्वलाई राजनीतिक र समाजिक अवस्थाको बोध अन्यभन्दा बढी हुन्छ । अध्यादेशले संविधानको मर्मलाई चुनौती दिएपनि यस विषयलाई प्रधानमन्त्रीको निरंकुश शासनशैली भन्न मिल्दैन । नेतृत्वको आफ्नै मनोविज्ञान हुन्छ र विभिन्न माध्यमले राष्ट्रिय राजनीतिमा त्यसको प्रयोग भइरहन्छ । निरंकुशताको अर्थ दमन, शोषण र अत्यधिक बलको प्रयोगसँग जोडिएको हुन्छ । प्रधानमन्त्री एक कुशल प्रशासक हुनुहुन्छ र अध्यादेश फिर्ता लिने निर्णयले उहाँको असाधारण प्रतिभालाई झल्काउने काम गर्छ ।

प्रधानमन्त्रीलाई अहिले जनताले सहयोग गर्ने बेला हो । प्रधानमन्त्री असफल हुने हो भने यस विषयले उहाँभन्दा कमजोर शासक र नेतालाई कार्यकारी प्रमुख हुने अवसर दिनेछ र नेपालमा चलिआएको राजनीतिक परिवर्तनको नाममा फेरि केही समयका लागि एक नयाँ शक्तिको उदय मात्र हुनेछ । राष्ट्रिय राजनीतिले अर्को निर्वाचनसम्म केपी शर्मा ओलीलाई काम गर्ने मौका दिनुपर्छ र यसो नभए नेपाली राजनीति फेरि कमजोर पर्छ ।

यस लेखको अन्त्य एक सामाजिक उदाहरणले गर्दैछु । छोराछोरीले आफ्नै आमाबुबासँग अंश (अधिकार) मागे हामीसँग के कस्तो विकल्प हुन्छ ?

एक हामीले अंशमा अधिकार दिएर राम्रो काम गर्न अभिप्रेरित गर्छौं अर्को हामीले आफ्नो कर्तव्य पूरा गरेको र अब कुनै सहयोग नगर्ने भनेर आफ्नो बाटो आफैं रोज भनेर सन्देश दिन्छौं । यी दुवै प्रक्रियाबाट भिन्न अवस्था सिर्जना हुन्छ, तर पनि एक विकल्प भने उत्तम हुन्छ । उत्तर तपाईं हामी सबैसँग छ । प्रधानमन्त्रीलाई पनि हामीले कुन बाटोमा हिँड्न अभिप्रेरित गर्ने प्रश्न आम सर्वसाधारणमा छ । हामीले यसको उत्तर दिँदा संवेदनशील भएर सोच्नु बाध्यात्मक छ किनभने यस विषयले देशको भविष्यलाई प्रभावित गर्छ । (लोकान्तरबाट साभार)




## तीनै तहमा पदपूर्ति बन्द

काठमाडौं । सरकारले केन्द्रीय, प्रदेश र स्थानीय गरी तीनवटै तहका कुनै पनि सरकारी कार्यालयमा नयाँ कर्मचारी पदपूर्ति गर्ने सम्पूर्ण प्रक्रिया बन्द गरेको छ । अत्यावश्यकबाहेक कुनै पनि सरकारी कार्यालयले 'ओ एन्ड एम सर्भे' समेत गर्न नपाउने व्यवस्था गरिएको छ । लोकसेवा आयोगले कोरोना भाइरस संक्रमणका कारण सबै पदपूर्ति प्रक्रिया स्थगित गर्दै आएको छ । पछिल्लो मन्त्रिपरिषद् बैठकले लोकसेवा आयोगलाई पदपूर्तिसम्बन्धी सबै कार्य स्थगित गर्न अनुरोध गर्ने निर्णय गरेको थियो । यसपछि आयोगले पदपूर्तिका सबै प्रक्रिया रोकेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीले स्थानीय तह र संघीय सरकारबाट लोकसेवामा पदपूर्तिका लागि कर्मचारीको माग गरेर पठाइएको भए पनि अब ती सबै कार्य बन्द भएको बताए । लोकसेवा आयोगले यसअघि विज्ञापन गरिएका पदमा पनि पदपूर्ति नहुने देखिएको छ । प्रवक्ता अधिकारीका अनुसार लकडाउनका बेला भएका कर्मचारीलाई त परिचालन गर्न नसकिरहेको अवस्थामा नयाँ भर्ना रोकिनु सामान्य भएको बताए ।

त्यस्तै, सरकारी कार्यालयले कर्मचारीको दरबन्दी थप्ने र घटाउन गर्नुपर्ने 'ओ एन्ड एम सर्भे'सम्बन्धी काम पनि अर्को आदेश नभएसम्मका लागि बन्द गरिएको प्रवक्ता अधिकारीले जानकारी दिए । कोभिड-१९ का कारण नेपालको आर्थिक वृद्धिदर कम भएकाले कर्मचारी भर्नाका सबै प्रक्रिया रोक्नुपरेको सरकारले जनाएको छ । कर्मचारी भर्ना रोक्दा चालू खर्चसमेत कटौती हुनेछ ।

माग फारामका विज्ञापनअनुसार सञ्चालन गर्न बाँकी रहेका परीक्षा र पदपूर्तिका लागि विज्ञापन आह्वान गर्ने कार्य हाललाई स्थगित गर्ने निर्णय बैठकले गरेको छ । यसअघि आयोगबाट भएको विज्ञापनअनुसार हुने परीक्षा अब अनिश्चित बनेको छ ।

**लोकसेवा तयारी गर्नेहरू अलमलमा**

सरकारले नयाँ भर्ना प्रक्रिया बन्द गरेसँग लोकसेवाको तयारी गर्ने व्यक्तिहरू अलमलमा परेका छन् । लोकसेवा आयोगले केही समयअघि खरिदार, सुब्बा र अधिकृतको भर्ना खुलाएको थियो । परीक्षा स्थगित भएसँग तयारी गर्नेहरू पनि निराश भएका छन् । काठमाडौंको सिनामंगलमा नायव सुब्बाको तयारी गरिरहेका धरानका निलम कार्कीले लोकसेवा अनिश्चित भएसँगै तयारी गरेको विषय पनि बिर्सने र कहिले परीक्षा होला भन्ने द्विविधा भएको बताए । उनले यस्तो अवस्थामा सरकारले परीक्षाका लागि फाराम बुझाएकाको परीक्षा लिइदिए उचित हुने बताए ।

## कोरोना कहर: पर्यटन क्षेत्र उकास्न तत्काल २० अर्बको प्याकेज जरुरी

काठमाडौं । आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा रहेको पर्यटन क्षेत्रलाई कोरोनाले नराम्ररी असर पारेपछि त्यसको पुनः उत्थानका उपायको खोजी शुरु भएको छ ।

नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) ले कोरोनाले संसारभर नै पर्यटन क्षेत्रलाई समस्यामा पारेको सन्दर्भमा नेपालमा भने के कस्तो प्रयास गर्न सकिन्छ भन्ने बारेमा आज नेपाल पर्यटन बोर्ड, होटल एसोसियसन अफ नेपाल (हान) र ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान)सँग छलफल गरेको हो । श्रव्य दृश्य माध्यमबाट भएको छलफलमा कोरोनाबाट सबैभन्दा बढी प्रभावित भएको पर्यटन क्षेत्रलाई माथि उकास्नका लागि तत्कालै रु २० अर्ब बराबरको राहत प्याकेज जरुरी रहेको बोर्डका प्रमुख कार्यकारी अधिकृत डा धनञ्जय रेग्मीले बताए । पर्यटन क्षेत्रको ठूलो लगानी र त्यससँग आश्रित हजारौंको रोजगारी समेत संकटमा परेको भन्दै उकास्नका लागि सरकार, निजी क्षेत्रको साझा प्रयत्न आवश्यक रहेको उनको भनाइ छ ।

प्रमुख कार्यकारी अधिकृत रेग्मीले पर्यटन क्षेत्रमा लगानी गरेका व्यवसायीका लागि एक वर्षसम्म ब्याजदर र किस्ता तिर्न नपर्ने र तीन वर्षसम्म किस्ता तिर्ने अवधि लम्ब्याउनुपर्नेमा जोड दिए । सरकारले एकमुष्ठ प्याकेज ल्याउनुपर्ने बताउँदै आगामी आर्थिक वर्षको बजेटबाट त्यससम्बन्धी विषयमा आवश्यक सम्बोधन हुने उनले विश्वास व्यक्त गरे । बोर्ड लकडाउन खुले लगत्तै झण्डै एक हजार ८०० कामदारलाई रोजगारी दिने तयारीमा लागेको उनको भनाइ छ । एक संयुक्त राष्ट्रसङ्घीय निकायले कूल एक हजार र बोर्ड आफैले हिमाल सरसफाइ एवं नदी संरक्षणलगायतका काममा ८०० जनालाई रोजगारी दिन सकिने उल्लेख गरे । प्रमुख कार्यकारी अधिकृत रेग्मीले कोरोनाको प्रभाव कम गर्न आन्तरिक पर्यटनको अभिवृद्धिका लागि समेत योजना बनाउनुपर्ने धारणा राखे ।

उनले भने, "आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सरकारले कर्मचारीलाई तलबी बिदा दिने कार्यक्रम ल्याउनुपर्छ, त्यसका अलावा नेपालबाट विदेश जाने पर्यटकलाई समेत अब आन्तरिक पर्यटनमा आकर्षित गर्नुपर्छ ।" कोरोनाका कारण पर्यटन क्षेत्रसँग जोडिएका झण्डै २० लाख मानिस प्रभावित भएको उनले तथ्यांक दिए । कूल पाँच लाख मानिस प्रत्यक्ष रुपमा पर्यटन क्षेत्रमा जोडिएका थिए भने अप्रत्यक्ष रुपमा १५ लाख बढी मानिस जोडिएको तथ्याङ्क पेश गर्दै उन अर्थतन्त्रमा ठूलो योगदान गर्ने क्षेत्रमा परेको प्रभाव कम गर्न सबैको सार्थक प्रयत्न हुनुपर्नेमा जोड दिए ।

हानका अध्यक्ष सिर्जना राणाले कोरोनाका कारण होटल क्षेत्रमा समेत ठूलो प्रभाव परेको जानकारी दिँदै बैंक तथा वित्तीय संस्थाले ब्याजमा सहुलियत दिनुपर्ने बताइन् । विपद्का कारण ठूलो सङ्ख्यामा रोजगारीको कटौती भएको र त्यसले समग्र अर्थतन्त्रमा समेत प्रभाव पारेकाले स्पष्ट राहत प्याकेजको जरुरी रहेको उनको भनाइ छ । टानका अध्यक्ष खुम सुवेदीले कोरोनाका कारण पर्यटन क्षेत्रमा परेको प्रभाव कम गर्न स्पष्ट दृष्टिकोणका साथ अगाडि बढ्नुपर्ने धारणा राखे । नाफिजले कोरोनाका कारण मुलुकको अर्थतन्त्रमा परेको प्रभावका बारेमा निरन्तर छलफल चलाउँदै आएको छ । यसअघि नाफिजले शेयर बजार, बीमा क्षेत्रमा कोरोनाले पारेको असरका विषयमा छलफल गरेको थियो ।

## डिभिजन बन कार्यालय चितवनको अनुरोध

- **गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं ।**
- **कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं ।**
- **बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुर्‍याउन सक्छ ।**
- **यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं ।**
- **कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं ।**
- **बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुर्‍याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६– ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं ।**

# प्रेस स्वतन्त्रता, संकटमा पत्रकारिता र मेरो भोगाई

**दिपा दाहाल**

प्रजातन्त्रको मेरुदण्ड मानिने प्रेस स्वतन्त्रताले वास्तवमा समग्र नागरिक समाजको स्वतन्त्रतासँग सरोकार राख्छ। प्रेस स्वतन्त्रता बिनाको पत्रकारिता कल्पना गर्न सकिन्न। प्रजातान्त्रिक व्यवस्था वैयक्तिक र प्रेस स्वतन्त्रताको हिमायति मानिन्छ। तर त्यो स्वतन्त्रता व्यवधानरहित हुँदैन अक्सर। हाल नेपालसँगै विश्वले नै कोरोना भाइरसको अदृश्य सकंटको सामना गरिरहँदा सक्रिय पत्रकारिताको माग बढेको छ जुन स्वाभाविक हो।

पत्रकारिता आफैमा चुनौतिपूर्ण पेशा मानिन्छ। हरेक दिन जस्तो आउने चुनौति सामना गर्ने अठोटका साथ हामीले यो पेशा अंगालेका हुन्छौँ। सत्य सूचना सकेसम्म चाँडो पाठक, स्रोता या दर्शकसामू पुऱ्याउने हाम्रो पेशागत धर्मबाट हामी कुनै पनि अवस्थामा विचलित हुनुहुन्न। यो आम मान्यता हो पत्रकारका लागि। त्यसअर्थमा म आवद्ध देशसञ्चारको मान्यता र मेरो व्यवहार फरक हुन सक्दैन। पत्रकारिता र जोखिम सँगसँगै हिँडिरेहका हुन्छन्। विपदका बेला पत्रकारसँग अपेक्षा कम हुनुको साटो झन बढ्छ।

कोरोना भाइरस र यसबाट पीडित तथा प्रभावितका समस्या, त्यसबारे सरकारी निर्णय र त्यसको कार्यान्वयनको अध्ययन र प्रस्तुति अहिले हाम्रा प्राथमिक चासो बनेका छन्। तर यो भाइरसको महामारी अन्य संकट र विपदभन्दा फरक छ। यसबाट बच्न सामाजिक र शारीरिक दूरीसँगै स्रोतसँग सूचना लिन त्यतिकै जरुरी छ। वास्तवमा यो लकडाउनको शर्त हो।

संकटमा पत्रकारको जिम्मेवारी

कोरोना भाइरसलाई ध्यानमा राख्दै कतिपय सञ्चारमाध्यमले आफ्नो सेवा अनिश्चितकालका लागि बन्द गर्ने घोषणा गरे। त्यो घोषणा आफ्नो शारीरिक सुरक्षाका लागि भएपनि विवादरहित थिएन। जुनसुकै परिस्थिति आएपनि सही सूचना समयमै दिने हाम्रो दायित्वलाई के हामी स्वेच्छिक बनाउन सक्छौँ? यो प्रश्न अहिले जीवन्त बनेको छ।

पहिलोपल्ट ठूलो र भिन्न खालको संकट आउँदा कसरी सामना गर्ने? त्यसको खोजी आफैमा गर्नुपर्ने हुन्छ। किनकी त्यसका लागि पूर्वदृष्टान्त हुँदैनन्। 'लकडाउन' को चौघेराभित्र रहेर उपाय खोज्नु पर्ने भयो। हामीले आफ्नो सुविधा अनुसार कोही घर, कोही कार्यालय त, कोही 'फिल्ड'बाट काम थाल्यौँ, सहमतिमा। यस्तो बेला ठूला सञ्चारमाध्यमबाट सूचना प्रवाह बन्द भयो भने परिस्थिति कस्तो होला?

हल्ला (ऱ्युमर)को असर के होला आम मनोविज्ञानमा? अनि त्यसको प्रतिक्रिया के होला? त्यस्तो परिस्थिति र समग्र सम्भावनाहरुबीच हाम्रो दायित्व के होला? यी सबै प्रश्नको उत्तर तत्काल सामुन्ने देखा नपरे पनि एउटा सहमतिमा हामी तत्काल पुग्यौँ-हल्ला र भ्रम फैलिन नदिन हामीले आफ्नो कामलाई निरन्तरता दिनैपर्छ।

विश्वभरी कोरोना भाइरस फैलिदै जाँदा नेपाल त्यसबाट अछुतो नरहने आँकलन हामीले सुरुमै गरिसकेका थियौँ। सामूहिक रुपमा कार्ययोजना बनायौँ, लकडाउन घोषणा हुनुपूर्व नै। लकडाउन शुरु भएसँगै हाम्रो टीमले त्यसबाट प्रभावित र त्यसको आशंकामा अन्य स्वास्थ्य सेवाबाट वञ्चित हुनु परेकाबारे फिल्डमै पुगेर सम्बन्धित पक्षलाई भेट्ने प्रयासलाई निरन्तरता दियौँ। अक्सर हाम्रो रिपोर्टिङको थलो सडक, स्वास्थ सेवा विभाग र त्यसका विभिन्न महाशाखा, अस्पताल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, बालुवाटार बन्यो। केहीदिनपछि हामी दैनिक मजदुरी गरेर खानेहरु बसोबास गर्ने क्षेत्रभित्र छिऱ्यौँ।

लकडाउनबाट प्रभावितसँग कुरा गर्दा हामीले सकेसम्म सामाजिक दूरी अपनायौँ। मास्क र स्यानिटाइजरको प्रयोग निरन्तर गरिरह्यौँ। लकडाउनबाट प्रभावित किसानको रिपोर्टिङका लागि उपत्यकाका विभिन्न भेग पुग्यौं। तर कोरोना भाइरसको महामारीलाई मुख्य विषय बनाएर रिपोर्टिङ गरिरहेका बेला पनि मेरा लागि मेरो मुख्य 'बिट' राजनीति र वैदेशिक मामिला चासोको विषय बनिरह्यो। कोरोना भाइरससँगै सत्तारुढ पार्टीको राजनीतिमा आएको उतारचढावबारे पनि कभर गर्नु पर्ने दायित्व थपियो। २४ सै घण्टा जस्तो सचेत भएर काम गर्नु पर्ने अवस्था सिर्जना भयो।

धम्की आए तर सत्य र तथ्यको खोजीबाट अविचलित

राजनीतिमा पनि अदृश्य पात्रहरु हुन्छन्, कोरोना भाइरस जस्तै। यता कोरोना भाइरस सम्बन्धी उपकरण खरिदमा सरकार भ्रष्टाचार र अनियमितताको प्रकरणमा मुछियो। यो बीचमा केही धम्की पनि आए। समाचार सच्याउन पटकपटक चेतावनी आए। तर सत्य र तथ्यको खोजीबाट विचलित हुन पत्रकारिताको धर्मले दिँदैन।

हल्ला (ऱ्युमर)को असर के होला आम मनोविज्ञानमा? अनि त्यसको प्रतिक्रिया के होला? त्यस्तो परिस्थिति र समग्र सम्भावनाहरुबीच हाम्रो दायित्व के होला? यी सबै प्रश्नको उत्तर तत्काल सामुन्ने देखा नपरे पनि एउटा सहमतिमा हामी तत्काल पुग्यौँ-हल्ला र भ्रम फैलिन नदिन हामीले आफ्नो कामलाई निरन्तरता दिनैपर्छ।

लकडाउन घोषणा गरेकै दिन कोरोना भाइरसको आशंकामा निजी अस्पतालले उपचारमा उपेक्षा गरेपछि सरकारी अस्पतालसँग याचना गर्न पुगेका बिरामीबारे रिपोर्टिङ गऱ्यौँ। निजी अस्पतालका सञ्चालक आफ्नो बचाउमा उत्रिए। कतिपयले आफू सच्चिनुको साटो समाचारहरु गल्ती भएको अडान लिए। तर सकंटका बेला पनि जनसरोकारसँग सम्बन्धित समाचारले प्रभाव निम्ताउँछ नै। बिरामी र उनका परिवारले समाचारका कारण स्वास्थ्य सेवाको पहुँचमा पुगेको अनुभूति गर्न पाए।

योसँगै कोरोना भाइरसको परीक्षणको दायरा बढाउन आवश्यक थियो। चिकित्सकहरुमा मतभेद थियो। कुन परीक्षणको नतिजालाई सही मान्ने? त्यो वहसलाई अगाडि बढाउन अवसर र जिम्मा हाम्रो पनि थियो। सरकार कोरोना भाइरसको सम्भावित फैलावटप्रति पक्कै पनि चिन्तित भयो। विज्ञहरुको अभिव्यक्ति र आमसञ्चार माध्यममार्फत तिनको प्रसारण र प्रकाशनले मुलुकका सबै प्रदेशमा परीक्षण केन्द्र स्थापना 'स्वाब कलेक्सन' तथा 'स्याम्पल साइज' बढाउन सरकारलाई सहज भयो।

अहिलेसम्म विश्वका विभिन्न मुलुकहरुको स्थितिसँग तुलना गर्दा नेपालमा कोरोना भाइरसबाट संक्रमित हुनेहरुको संख्या सानो छ। र, कसैको मृत्यु नहुनु ठूलो उपलब्धि हो मुलुककै लागि। पीपीईलगायत पर्याप्त अत्यावश्यक सुरक्षात्मक व्यवस्था बिनाको यो उपलब्धिका अनेक कारण छन्। सम्भावित संक्रमणबारे पत्रकार र सञ्चारमाध्यमको चेतावनी, बढी संक्रमित मुलुकको अवस्था र त्यसका कारणबारे सरकारलाई उनीहरुले जानकारी दिनसक्दा त्यसले सकारात्मक भूमिका खेलेको बुझिन्छ।

खासगरी सरकारी अस्पतालको कोरोना भाइरसको उपचार सम्बन्धी तयारीमा देखिएका कमिकमजोरीबारे हामीले निरन्तर समाचार प्रकाशन गरिरह्यौँ। बाध्य भएर सरकार मुलुकभरका अस्पतालमा क्वारेन्टाइनसँगै आइसोलेसन वार्डको विस्तार गर्न लाग्यो। मुलुकका हरेक ठूला सरकारी अस्पतालमा २० शय्याको आईसीयु निर्माण सुरु गऱ्यो।

सरकारका यी सकारात्मक कदम उपलब्धिमूलक भएपनि सरकारी संयन्त्रसँग तत्कालै कोरोना भाइरसका संक्रमितबारे सूचना लिनेक्रममा हामीले धेरैनै कठिनाई झेल्नु पऱ्यो। धेरैजसो सरकारी अधिकारीको असहयोग कायमै छ। सूचना माग्दा उनीहरु अहिले पनि भन्छन्, 'हामीले तपाईंहरुलाई सूचना दिनैपर्छ भन्ने छैन। त्यसैले कर नगर्नुहोस्।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रीको आदेश मान्नुपर्ने भन्दै टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य कार्यालयले दोस्रो संक्रमितको सूचना १४ घण्टासम्म लुकाउने प्रयास गऱ्यो। संक्रमितको उपचार गरिरहेको अस्पतालका निर्देशकले आफूसमेत सूचनाबाट वञ्चित भएको गुनासो हामीसँग गरे। तेस्रो र चौथो संक्रमितको सूचना पनि 'होल्ड' गर्ने प्रयास भयो, सरकारी संयन्त्रबाट। पत्रकारको निरन्तर विरोध र आक्रोश अस्वाभाविक थिएन। त्यसले सकारात्मक नतिजा ल्यायो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमितरुपमा दिउँसो ४ बजे हुने पत्रकार सम्मेलन अगावै संक्रमित थपिएकोबारे आफ्नो वेबसाइटमा राख्न थाल्यो।

केही परीक्षणमा कोरोना भाइरस देखिएपछि स्वतः अर्को समस्या शुरु भयो उपचार र नियन्त्रणका सशक्त विधिबारे चर्चा हुन थाले। कोरोना भाइरसको संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि अत्यावश्यक सामग्री समयमै जोहो गर्न नसकेकोबारे निरन्तर समाचार आइरहे।

पत्रकारका लागि यो अर्को कठिन परिस्थिति

यहीबीचमा ओम्नी इन्टरनेशनलसँग कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि अत्यावश्यक सामग्री खरिदका बेला सरकार भ्रष्टाचार र अनियमिततामा मुछिएको प्रमाणजन्य समाचार सञ्चारमाध्यमबाटै सार्वजनिक भयो। सम्बन्धित कम्पनीसँग ठेक्का रद्द गर्न र उसलाई 'कालो सूची' मा राख्न सरकार बाध्य भयो। जनस्वास्थ्यसँग खेलवाड गर्नेहरुविरुद्ध कारबाहीमा उत्रिनै पर्ने वाध्यतामा सरकार पऱ्यो, सञ्चारमाध्यमका कारण। अन्यथा जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभावको आकार र आयतन कत्रो हुन्थ्यो? कल्पना गर्न सहज छैन।

संकटका बेला जनताको पीडा कम गर्नुको सट्टा सरोकारवालाहरु आफै भ्रष्टाचार र अनियमितामा मुछिनु दुःखद भएको भन्दै त्यसले जनस्तरलाई पनि उद्धेलित गऱ्यो। एकातिर हामीले सर्वत्र स्यावासी पायौं भने अर्कोतिर हामी भ्रष्टाचार र अनियमितामा नाम मुछिएकाहरुबाट तारो बन्यौं। सरकार ओम्नी इन्टरनेशनलसँगको मेडिकल सामग्री खरिद सम्झौता रद्द गर्न बाध्य भएपछि स्वास्थ्य क्षेत्रका केही विशिष्ट व्यक्तिले मसँग पनि कुरा गर्न छोडे।

यो प्रकरणपछि मेडिकल सामग्रीको खरिदका लागि सरकारले नेपाली सेनालाई जिम्मा दिने निर्णय गऱ्यो। यी लापरवाही र निर्णयहरु सरकारका लाागि महँगो परेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले चैत्र २७ गते बसेको आफ्नो पार्टी सचिवालय बैठकमा गोप्य सूचना मिडियामा जान लागेकोमा चिन्ता गर्दै त्यसले सरकारको कामकारबाहीमा समस्या थपिएको भन्दै जथाभावी रुपमा सूचना नदिन नेताहरुलाई निर्देशन मात्रै दिएनन्, आफूखुसी सूचना दिनेहरुको जासुसी निगरानी हुने चेतावनीसमेत दिए।

हाम्रा लागि यो अर्को कठिन परिस्थिति बन्न पुग्यो,सूचनाको स्रोत सुक्न थाल्यो। कोरोना भाइरसको सम्भावित फैलावट, त्यसलाई ध्यानमा राख्दै आवश्यक सामग्री र जनस्रोतबारे कुनै ठोस निर्णयमा पुग्न नसकेको सरकारको ओम्नी प्रकरणपछि सेनालाई मेडिकल सामग्री खरिदको जिम्मा दिनु हतारको निर्णय थियो या बुद्धिमानी? बहस जारी छ अझै पनि। तर राजनीतिक तहमा त्यसको तिब्र विरोध भयो। त्यसैको पृष्ठभूमिमा नेकपा सचिवालय बैठक बसेको थियो।

असामान्य परिस्थितिमा गरिएको रिपोर्टिङ

सरकार १५ प्रतिशत रकम स्वास्थ्य सेवा विभागलाई मेडिकल सामग्री खरिदका लागि दिने र बाँकी रकम सेनालाई दिने निर्णय गर्न बाध्य

**बाँकी ५ पृष्ठमा**

## 'लकडाउनले अस्थायी साधनको अभाव हुनसक्छ, अनिच्छित गर्भधारण बढ्न सक्ने'

काठमाडौं । राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (यूएनएफपीए) ले कोभिड -१९ को महामारी विश्वव्यापि फैलिरहेको हुनाले धेरै महिलाहरु परिवार नियोजनको पहुँचबाट टाढा रहने तथा अत्याधिक मात्रामा अनिच्छित गर्भधारणको वृद्धि हुने जनाएको छ।

यूएनएफपिएद्वारा मंगलबार यहाँ जारी नयाँ प्रतिवेदनले महिलाले अनिच्छित गर्भधानको सामना गर्नुपर्ने तथा परिवार नियोजनमा समेत असमर्थ हुने जनाउँदै आगामी महिनामा लैङ्गिक हिंसा र हानिकारक अभ्यासहरुको चपेटामा



पर्नसक्ने प्रक्षेपण समेत गरेको छ।

कोभिड-१९ को जोखिमका प्रभाव महिला तथा किशोरीहरुमा धेरै मात्रामा पर्ने, उनीहरुको स्वास्थ्य सुविधामा सीमितता ल्याउने, यही सीमितता कारण नियमित जाँच समेत उनीहरुले छाड्न सक्ने र सिङ्गो स्वास्थ्य प्रणालीमा समेत ठूलो भार पर्न सक्ने प्रतिवेदनले औंल्याएको छ। प्रतिवेदन भन्छ ,'कोभिड -१९ का कारण विश्वव्यापि आपूर्ती व्यवस्थामा आएको अवरोधले महत्वपूर्ण गर्भ निरोधकका साधनको अभाव हुन सक्छ। महिलाहरु घरमै बस्ने हुनाले लैङ्गिक हिंसा बढ्न सक्छ। महिला तथा किशोरीमा कोभिड-१९ ले थप प्रभाव पर्ने देखाउँछ।'

'लाखौं महिला तथा किशोरी आफ्नो परिवार नियोजन, आफ्नो स्वास्थ्य र शरिरको सुरक्षा गर्ने क्षमता गुमाउने जोखिममा छन्,' यूएनएफपीएका कार्यकारी निर्देशक डा नातालिया कनेमले भनिन्। महिलाको प्रजनन् स्वास्थ्य सेवा , अधिकारहरु सुरक्षित गर्न, निरन्तर जारी राख्न, आपूर्ती वितरणलाई सहज बनाउन र संकटासन्नहरुलाई सहयोग र संरक्षण गर्न प्रतिवेदनले जनाएको छ।

प्रतिवेदनले मध्य र कम आय भएका ११४ देशहरुका ४७ मिलियन महिला आधुनिक गर्भनिरोधकका साधनबाट वञ्चित हुन सक्ने समेत प्रक्षेपण गरेको छ। लकडाउन ६ महिना लम्बिए तथा स्वास्थ्य सेवा पाउन अवरोध कायम रहेमा ७ मिलियन अनिच्छित गर्भधारण हुने, ३१ मिलियन महिला लैङ्गिक हिंसामा घटना हुने संभावना औंल्याएको छ। साथै ३ महिनासम्म लकडाउन जारी रहेमा थप २ मिलियन महिला आधुनिक गर्भनिरोधकका साधन प्रयोग गर्न असमर्थ हुने र १५ मिलियन महिला लैङ्गिक हिंसामा घटना हुने जनाएको छ।






# जनतामा गिर्दैछ ओली सरकारको साख

**अरुण कार्की**

जीवन बिनाको स्वतन्त्रता र स्वतन्त्रता बिनाको जीवनको केही अर्थ हुन्न। एउटालाई रोज्ने अर्कोलाई छोड्ने भन्ने कुरा आउदैन। हाम्रो राजनीतिक नेतृत्व यसरी विकाश भएको छ की सम्बन्धित क्षेत्रमा विषयगत दक्षता भन्दा पनि सम्बन्धित व्यक्तिले पार्टी राजनीतिक र गुटगत रुपमा आफुलाई कतिको फाइदा दिलाएको छ भन्ने हिसावले मापन गर्दछ। मुलुक हाक्ने प्रधानमन्त्री, मन्त्री र राजनीतिक नियुक्ति लिने व्यक्तिको योग्यताको बहस उठायो भने यहा यति वर्ष जेल जीवन बिताएको स्वतन्त्रता त्याग गरेको भनेर भावनात्मक कुरा गरिन्छ। आज त्यसैको उपज मुलुकका प्रधानमन्त्रीले राष्ट्रको नाममा सम्बोधन गर्दा जीवन रोज्ने कि स्वतन्त्रता भनेर बहकिनु हुन्छ। संकट आउछन अनि संगसंगै अभावको सिर्जना हुनथाल्छ। श्रम निर्यात गरेर भित्रिएको रेमिटयान्सले मुलुकको अर्थतन्त्र धानेको छ। पुँजीगत खर्चको अवस्ठा सधै निरासाजनक हुन्छ जसले गर्दा आर्थिक वृद्धीदर हासिल हुन सक्दैन। पुँजीगत खर्च बढाउन जेठ १५ गते बजेट ल्याउने परिपाटी गरिए पनि उही कर्मचारी संयन्त्र र राजनीतिक प्रणालीको उवज नीतिगत बाहेक केहि सुधार हुन सकेको छैन। अहिलेसम्म जनताको दैनिक जीवनमा परिवर्तनको अनुभूति हुन सकेको छैन।

युवाहरु रोजगारीको सिलसिलाममा विदेशिनु पर्ने, कृषि उत्पादनमा बिउ बिजनको व्यवस्था नहुनु, परम्परागत खेती प्रणालीमा क्रमभंग नहुनु, उत्पादन भएका वस्तुले बजार पाउन नसक्नु, उचित मूल्य नपाएर विचौलियाको भरपर्नु पर्ने, कर्जा सुविधा पार्टी कार्यकर्ता पोस्ने अस्त्र बन्नु, विभागीय जिम्मेवारीमा कार्यकर्तालाइ जागिर खुवाउने थलोको रुपमा प्रयोग गर्नु र प्रशासनिक काममा सधै तलदेखि माथिल्लो तहसम्म टेबुलमुनिबाट हात छिरानुपर्ने अवस्थाले गर्दा हुने खाने र हुदा खाने बिचकोदुरी बढिरहेको छ। जसरी आज कोरोना भाइरस विश्वव्यापी महामारीको रुपमा फैलिएको छ। आन्तरिक तथा बाहयरुपमा विपदहरु सधै आउछन। म यो बेलामा आउछु भनेर पुर्वसूचना दिएर विपद आउदैन। यसको चुनौती सामान गर्नको लागी आन्तरिक पुर्वतयारी हुनु पर्दछ। अहिले संसारको साझा विपदको रुपमा कोरोना भाइरस रहेको छ। समयमानै सिमा नाका र अन्तराष्ट्रिय उडान बन्द नगर्दा मंहगो सावित हुदै छ। मौसमी र भबितब्य विपदमा पनि हाम्रो तयारी केहि रहदैन। अहिले मुलुक पूर्णरुपमा लकडाउनमा छ। यसको दिर्घकालिन प्रभाव राष्ट्रले भोग्नेनै छ। हुने खाने र माथिल्लो घरनाको लागि त ठिकै छ। बिहान काम गरेर बेलुकाको छाकको जोहो गर्ने आम मजदुरको अवस्था यति दयनिय छ। खाना नपाएर ७००र८०० किलोमिटर पैदल हिडेर घर जान विवश हजारौ श्रमिक वर्गले आफुलाई सर्वहारा श्रमजिवि वर्गको प्रतिनिधित्व ठान्ने कम्युनिष्ट सरकारलाई कसरी लिने ? कम्युनिष्ट भन्नेहरुलाई पनि कम्युनिष्ट हु भन्न लाज हुने गरि सरकारले काम गरिरहेको छ। रोगले भन्दा पनि भोगले मर्ने अवस्ठा सरकारले सिर्जना गरेको छ। विश्व स्वास्थ्य संगठनले पनि कोराना भाइरस विरुद्धको लडाईमा सबैभन्दा उत्तम विकल्पको रुपमा लकडाउनलाई लिएको छ। अहिले नेपाल मात्र नभएर धेरै मुलुकहरु लकडाउनमा छन्।

लकडाउन पनि व्यवस्थित हुनुपर्छ, जहाँ नागरिकले पेटभरि खाना पाउन, मानसिक दवावको महसुस नगरुन र राज्य घरदैलोमा पुगोस्। COVID-19 विरुद्धको लडाई जित्नको लागि व्यक्ति स्वयमको उच्च आत्मबल हुनु पर्ने छ तर राज्यले आम मजदुर वर्गमा गम्भीर चोट दिएको छ। लोकप्रियताको लागि राहात घोषणा गरेको छ जुन पाउनु पर्नेहरुको पहुचमा छैन। पाउदा पनि ५ (१० किलो चामल र २ किलो दालले तिन सातादेखि जारी लकडाउमा कति दिन पुर्याउनु पर्ने हो ? धेरै मुलुकहरुले विमान चार्टड गरेर आफ्ना नागरिक स्वदेश फर्काइरहेका छन।

हाम्रो सरकारले तिनै युवाको बारेमा सोचेको छैन जसको रेमिटान्सले मुलुकको अर्थतन्त्र धानेको छ। सरकारद्वारा गठित ऋइख्क्ष्म(ज्ञढ सम्बधी उच्चस्तरीय समन्वय समिति यस्तो गरि बनेको छ कि मन्त्रि हुदैमा सबैथोकको ज्ञान हुने जसरी न कुनै सम्बन्धित क्षेत्रको बिज्ञको आवस्यकता पर्छ न महसुसनै गरिन्छ। सरकारले अहिले ऋइख्क्ष्म(ज्ञढ नियन्त्रणको लागि (स्वास्थ्य सम्बन्धी टिम र ज्यालादारी मजदुर, बिपन्न वर्गको लागि राहात बितरण एवम् खाद्यान्न ढुवानी) र यसको नियन्त्रणपछि सरकारको भूमिकाको (उधोग, कलकारखाना, व्यापार, व्यवसाय र रोजगारी) लागि योजना बनाउने दुईवाट समिति बनाएर काम गर्नु पर्थ्यो जसले गर्दा चरणवद्ध रुपमा काम गर्न सकियोस र विपदले थिलथिलो बनाएको अर्थतन्त्रलाइ चाडै उठाउन पनि सकियोस तर हामीकोमा जे नहुनु पर्ने थियो त्यहि भइरहेको छ। यहाँ सबै मन्त्री, सबै डाक्टर सबै जान्ने बुज्ने जस्तो गर्छन। मन्त्री कात्रोमा पनि कमिसन खान्छन तिनैलाई संरक्षन गर्छन भ्रष्टचारमा सुन्य सहनसिल्ता लिएका प्रधानमन्त्री। आधा गाग्री पानीमा यति धेरै उतारचढाव आउछ कि त्यसलाई न सजिलै गन्तव्यमा पुर्याउन सकिन्छ न पुरै पुर्याउन सकिन्छ तसर्थ मुलुकमा एउटा खतरा संगसंगै अर्को भवितव्यको सिर्जना गरिदै छ।

# झोलेबाद मुर्दावाद !

**लक्ष्मण गौतम**

नेता - घाम उत्तरबाट उदाउछ र दक्षिणमा अस्ताउछ । झोले कार्यकर्ता - होईन नेताज्यू घाम पुर्वबाट उदाउछ र पश्चिममा अस्ताउछ । नेता - म नेता कि तिमी ? मैले जे बोले पनि हो हो भन, म भन्दा जान्नी भए मैले तिमीलाई किन पार्टीमा ठाउँ दिन्थे ? म भन्दा सक्षम र योग्यलाई हाम्रो पार्टीमा कुनै स्थान छैन । झोले कार्यकर्ता( हस नेताज्यू हस । नेता - ए अ हिजो तिमीले फेशबुकमा हालेको फोटोमा मेरो भुँडी अली ठुलो देखियो । राम्रो फोटो खिच्छौ भनेर मैले तिमीलाई पद दिए, पद पाए पछि हेप्नी ?

अब देखि अलि राम्रो राम्रो फोटो खिच र फोटो खिच्ने बेला हल्का मुसुक्क हास मलाई मुस्कान सहितको फोटो खिचाई चाँहीन्छ । राम्रो राम्रो फोटो हाल्दै गयौ भने म तिमीलाई जिल्ला सम्म पुराउछु । हिजोसम्मको सुकुम्बासी आज करोडौको मालिक भाछ करोडौको गाडीमा चढ्छ ,चप्पल सम्म लगाउने औकात नभएको मान्छे आज राजनिती गरेकै भरमा अरवपती भाछ । टेलीफोन सम्बादमा कमिसन मागेको अडियो बजारमा जता ततै भाईरल छ तै पनि हामी झोले उनीहरु कै बचाउमा उत्रिन्छौ । जनतालाई जीवनजल छैन तर हाम्रा नेता जन्मदिन मनाउन करोडौ खर्चिन्छन । स्वास्थ्य चौकी सम्म पुग्न नसकेर पखाला लागेको बिरामी मर्ने देशमा हामी केक बोक्न हेलिकप्टर चाटर गर्छौ तर खोई हामी बोल्न सकेको ? हामी चोरलाई चोर भन्न सक्दैनौ, भ्रष्ट्रलाई भ्रष्ट्र भन्न सक्दैनौ । देश बनेन भनेर हामी गोनासो गर्छौ तर देश किन बनेन भनेर हामी बोल्न सक्दैनौ । देशमा रोजगार छैन, देशमा अवसर छैन ,हामी हाम्रो सन्तानलाई रोजगार र अवसरका लागि बिदेश पठाउन तयार छौ तर देश लुटेर हाम्रा सन्तानलाई बिदेश जान वाध्य पार्ने हाम्रा भ्रष्ट्र नेताका बारेमा हामी बोल्न सक्दैनौ किनकी हामी झोले छौ । झोलेहरु तीन प्रकारका हुन्छन ।

१. अन्धभक्त झोले : यिनिहरुलाई आफुले झोला बोकेको पार्टी कुन हो, के गर्छ, निती नियम र सिद्दान्त के हो भन्ने कुनै कुराको वास्ता हुँदैन । यस्ता झोलेहरु १ प्लेट मासु र एउटा बियरमा बिक्छन ।

२. भक्त झोलेः यस्ता झोलेहरुले हल्का फुल्का राजनिती बुझेका हुन्छन तर आफ्नो नेताले जे जस्तो कु(कर्म गरे पनि चुईक्क १ शब्द बोल्दैनन । आज भोली सामाजिक संजाल दुर्गन्ध पार्न यही प्रकारका झोलेहरु हुन ।

३ अशक्त झोलेः यस्ता किसीमका झोलेहरु झोला बोक्दा बोक्दा अशक्त भएका हुन्छन । केही पाईने लोभमा झोला त बोक्छन तर जति बोके पनि हात लायो सुन्य । सेटिङ मिलाउने खुवी नभएकै कारण यस्ता झोलेहरु सधैं ओझेलनमा पर्छन तर आजभोली भने यस्ता किसिमका झोलेहरुले नेता सँग खिचेको फोटो फेशबुकमा हालेर मान्छे चाँही झुक्काउछन । यहाँ सबै झोलेहरुले बुझ्नु पर्ने कुरा के हो भने झोला बोकेर पाएको पद धेरै टिक्दैन । आजको यो २१ औ शताब्दीको दुनियाँमा बजारमा बिक्ने तर धेरै नटिक्ने बाद भनेको झोलेबाद हो । आजका जनता सचेत छन तेसैले आजको दिनमा झोलेबादको टिकाउ चिनिया सामान जत्तिको पनि छैन । सबै राजनीतिक पार्टीहरुका कार्यकर्ताका बिचार झोलेबाद भएसी कहाँबाट बन्छ देश ?

त्यसैले अब हामी झोले , लोभ ,लालचको होईन बिचार र योग्यताको राजनिती गरौ । अब हामी अवसर खोज्न बेलायत, अमेरिका, अष्ट्रेलिया जाने होईन त्यहाँ पिआर लिएर बसेका नेपालीहरु नेपालमा अवसर देखेर आफ्नै देश फर्किने वातावरण बनाउने गरी राजनिती गरौ । नेपालमा टुरिजम देखी हाईड्रो ,खनिज ,कृषि हरेक क्षेत्रमा संभावना छ तर संभावनालाई रियालिटीमा बदल्न आजैबाट झोला फालौ ,चोरलाई चोर भन्न सकौ । अब अति भो अब त बोलौ'.. । झोलेबाद मुर्दाबाद ।

**रोगको समयमा उपचार गर्नु पर्दछ । उपचारको लागि धामी झाँक्री कहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।**

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# प्रेस स्वतन्त्रता, ……………………

बन्यो, चैत्र २० गते। यो बीचमा लकडाउनले गर्दा दीर्घ रोगका बिरामी नियमित स्वास्थ्य सेवा पाउनबाट बञ्चित भएकाकाबारे पनि स्टोरी बनायौं।

रानीबारी एक्लै डेरामा बस्ने र मकै बिक्री गर्ने ज्ञानु भट्टराई, कुपण्डोलमा माछा बिक्री गर्दै आएका सिरहाका दम्पत्ती मोहम्मद आशिक र मदिना खातुन लगायतका मेरा स्टोरीका प्रतिनिधि उदाहरण हुन्, जसलाई आफैले केही सहयोग गर्ने अवसर पनि पाएँ। लकडाउनका बेला यस्ता पात्रलाई भेटेर उनीहरुबारे स्टोरी बनाउँदा चुनौति त थियो नै । तर व्यक्तिगत सुरक्षाका न्यूनतम उपायकाका साथ पीडितको डेरा पुगेर रिर्पोटिङ गर्दा त्यो बढी अर्थपूर्ण बन्थ्यो। सायद बढी सन्तोषजनक पनि। किनकि यी असामान्य परिस्थितिमा गरिएका रिपोर्टिङ थिए।

संकटका बेला सूचना संकलन मात्रै महत्वपूर्ण नहुने रहेछ। स्टोरीका लागि भेटेका पात्रहरुको उद्दार आफ्नो मानवीय धर्मको अंश बन्दो रहेछ। अस्पतालमा अन्यौलमा परेका बिरामी हुन् या सडकमा भोकै रोगले लडेका बिरामी उनीहरुलाई सेवाको पहुँचमा पुऱ्याउन समन्वयकारी भूमिका निर्वाह गर्न सके यसपल्ट पनि।

कसैलाई अस्पतालसम्म 'लिफ्ट' दिएर, कसैलाई साथीहरुको सहयोगमा एम्बुलेन्स बोलाएर अस्पताल पठाएर, कसैलाई महिला सेल पुऱ्याएर, कसैलाई आफूसँग भएको रकम दिएर। पीडितको व्यथालाई रिपोर्टिङमार्फत सम्बन्धित चिकित्सकको जानकारीमा ल्याउनु अर्को दायीत्व थियो।

पत्रकारिता र रिर्पोटिङ तत्कालै कुनै नतिजालाई ध्यानमा राखेर गरिन्न। तर सकरात्मक नतिजा आउँदा खुसी लाग्दो रहेछ। भक्तपुर, ललितपुरका खेतबारीमा आफ्नै पसिनाका उत्पादन लकडाउनका कारण सड्दा आँसु झारिरहेका किसानलाई भेटेर उनीहरुको अवस्थाबारे बनाएको स्टोरीको प्रभावस्वरुप भोलिपल्टै कृषिमन्त्री त्यहाँ अनुगमनका लागि पुगे। उनले ती किसानहरुलाई केही न केही राहतको व्यवस्था गर्ने बचन दिएको सूचना फोनमार्फत किसानहरुबाट पाउँदा त्यसले मलाई थप उर्जा दियो। पत्रकारिताको महत्व र प्रभावबारेमा सोच्न र मनन् गर्न पनि बाध्य पाऱ्यो फेरि एक पटक त्यो घटनाले। विगतका कयौं घटना कोरोना भाइरसकै वरिपरि घुमिरहेका छन्, त्योसँग जोडिएका छन्।

संकटका बेला सूचना संकलन मात्रै महत्वपूर्ण नहुने रहेछ। स्टोरीका लागि भेटेका पात्रहरुको उद्दार आफ्नो मानवीय धर्मको अंश बन्दो रहेछ। अस्पतालमा अन्यौलमा परेका बिरामी हुन् या सडकमा भोकै रोगले लडेका बिरामी उनीहरुलाई सेवाको पहुँचमा पुऱ्याउन समन्वयकारी भूमिका निर्वाह गर्न सके यसपल्ट पनि।

यता लकडाउनलाई निरन्तरता दिने तर सहरका मजदूरका लागि उचित राहतको व्यवस्था नगर्ने सरकारको प्रवृतिका कारण उनीहरुको विवशता चुलिएको थियो। मजदूरहरु सयौं किलोमिटरको यात्रा पैदलै तय गर्न थाले। एकजना व्यक्तिको धादिङमा पुलबाट खसेर मृत्यु भयो।

यी कारुणिक घटनापछि सरकार आफ्नो नीति परिवर्तन गर्न बाध्य भयो। उसले आफ्नो गन्तव्य पैदलै तय गरेकाहरुलाई जहाँ पुगेका छन् त्यही स्थानीय तहले गासबासको व्यवस्था मिलाउनु पर्ने या सुरक्षित उद्दार गरेर आआफ्नो क्षेत्र पुऱ्याउन निर्देशन दियो।

समाचारकै कारण सरकारले एक घण्टामै आफ्नो निर्णय परिवर्तन गर्न बाध्य भएको अर्को घटना पनि भयो यो बीचमा। चैत २७ गते सरकारले २८ र २९ गते उपत्यकाबाट यात्रुलाई बाहिर जान दिने भन्दै गरेको निर्णय डेढ घण्टामै उल्टायो। जनस्तरबाट प्रतिकूल प्रतिक्रिया आउन थालेपछि त्यसको दोष पत्रकारलाई दिएर सरकार पन्छिने प्रयासमा लाग्यो। तथ्यको आधारमा सरकार गलत सावित भयो। प्रमाण जुटाउन उपत्यका बाहिरका सडकमा हिँडिरहेका मजदूर, सहरबाट गाउँ फर्किएका युवाको अवस्थाबारे रिपोर्टिङ गर्न हामी विभिन्न ठाउँ पुग्यौं।

राजनीतिमा अचानक सुरु भएको शक्ति युद्ध

सत्ताप्रधान राजनीतिमा व्यक्तिको जीवन र स्वतन्त्रताभन्दा सत्ताको राजनीतिले प्रधानता पाउँछ नै। त्यही भयो, देखियो मुलुकमा। वैशाख ८ गते सत्तारुढ पार्टीमा विकास भएको राजनीतिले कोरोना भाइरसबाट उत्पन्न संकट ओझेलमा पऱ्यो। प्रधानमन्त्री ओलीले आफ्नो पार्टीसँग सल्लाह नगरी दल विभाजन र संवैधानिक परिषद् सम्बन्धी कानुन अध्यादेशमार्फत संशोधन गर्ने निर्णय गरे। चर्कोविरोधपछि उनले आफ्नो निर्णय फिर्ता लिए तर उनीप्रतिको अविश्वास कायमै छ।

नेकपाको राजनीतिले यति धेरै उताराचढाव लियो कि ओलीले पार्टी या प्रधानमन्त्री एक पदबाट राजीनामा दिनुपर्ने माग आन्तरिक र सार्वजनिकरुमा उठ्न थाल्यो। महामारीबारे कम चर्चा र चासो देखा परे। सत्ताधारी नेकपा 'फूट' को संघारमा उभियो। अन्तत नेता वामदेव गौतमलाई उपयुक्त समयमा उपचुनाव गराई प्रतिनिधिसभामा लैजाने र स्थायी कमिटी बैठक बोलाउनेमा सहमति गरेर नेकपा सचिवालयका असन्तुष्ट नेताहरु थान्किएका छन् शनिबार मात्रै।

यी गम्भीर राष्ट्रिय हलचलका बीच इमान्दारिताका साथ सडकमा उभिँदा मेरो सन्तुष्टि, पेशाप्रतिको निष्ठा र प्रेम अनि जवाफदेहितामा निरन्तर वृद्धि भइरहेको अनुभूति गरेँ। सोच्दैछु, म अर्को पेशामा गएको भए केही रमाउँथेँ? यति सन्तुष्टि हासिल गर्थे आजको यो संकटमा? लकडाउनको यो बीचमा ४ दिन मात्रै घरमा बसेर मैले काम गरेको गरेँ। 'पत्रकारको दायित्व संकटमा बढ्छ' भन्ने मान्यताले उर्जा थपिनै रह्यो। संकटपूर्ण अवस्थामा बिदामा बस्ने भन्ने हुँदैन। अधिकांश समय चनाखो रहनुपर्छ।

सकेसम्म फिल्डमै गएर सरोकारवाला या पीडितसँग भेटेपछि मात्रै समाचार या स्टोरी बनाउँदा त्यसले घटनाका सबै पक्षलाई बाहिर ल्याउँछ। निश्चय नै यो काम अहिले जोखिमपूर्ण छ। जोखिमबाट बच्न खासगरी परिवार, शुभचिन्तक र कार्यालयबाटै पनि सुझाव आइरहन्छ, त्यो स्वाभाविक हो। त्यसैले मेरो पत्रकारिता र रिपोर्टङिलाई निरुत्साहित गरेन। बरु पूर्ण सावधानीका साथ आफ्नो कर्म जारी राख्न प्रेरित र प्रोत्साहित गऱ्यो।

कोरोना भाइरस र त्यसले उत्पन्न गरेको संकटको स्वरुप राष्ट्रव्यापी छ। त्यस्तै पत्रकारले पनि त्यही व्यापक आयतनमा काम गर्छ। संकटका बेला प्रेस स्वतन्त्रताको महत्व र दायित्व बढ्छ। हामी पत्रकारहरु त्यो चुनौतिपूर्ण दायित्व निर्वाह गर्ने कलमका विवेकशील सिपाही हौं। एउटा ऐतिहासिक अवसर र चुनौतिमा होमिनु पत्रकारका रुपमा मेरो जीवनको एउटा ठूलो अवसर हो।

कोरोना भाइरसले महामारीको रुप लेला या अन्यत्र जस्तो ठूलो क्षति नपुऱ्याई विदा होला नेपालबाट, अहिले भन्न कठिन छ। तर संकटले जिम्मेवारी थप्छ र संकट बचाउन र उपयोग गर्न सकेको स्वतन्त्रता सदा सुरक्षित रहन्छ भन्ने शिक्षा यसले दिइसकेको छ, मैले ग्रहण गरिसकेको छु। (देशसञ्चारबाट साभार)

# विवादपछिको नेकपा एजेण्डा – विकल्पहिन नेकपा

**गोपाल खनाल**

चिनियाँ नेता ल्यू शाओचिले लेखेको 'असल कम्युनिष्ट कसरी बन्ने ?' पुस्तकमा चिनियाँ कम्युनिष्ट पार्टी ( सीपीसी) मा किन चिनियाँ नागरिक आकर्षित भए भन्ने 'फ्याल्सब्याक'पनि छ। साम्यवाद, सर्वहाराबर्गको शासन जस्ता शब्दावली बुझ्रेरमात्रउनीहरु पार्टीमा आकर्षित भएका थिएनन्। एउटा बिश्वास थियो-कम्युनिष्ट पार्टीले चीन बचाउँछ।' शायद् उनीहरुले जापानबिरुद्ध चीनको लडाई देखेका थिए र कम्युनिष्ट नेतृत्वप्रति विश्वास जाग्यो। माओ, देङ स्याओपिङदेखि वर्तमान राष्ट्रपति सी चिनफिङप्रतिको निरन्तरको विश्वास त्यसैको प्रमाण हो। पश्चिमाले ढाल्न प्रयोग गरेका पूर्वाग्रही सूचनाका निरन्तर प्रवाहले बेइजिङ बिभाजित भएन। सिञ्जियाङ, ताइवान, तिब्बत र हङकङबाट छेड्न खोजेको युद्ध पनि सफल भएको छैन।

'सीपीसीले चीन बचाउँछ' भन्ने बुझाई र विश्वासले चीन महाशक्तिउन्मुख छ। महाशक्ति अमेरिका कोरोना युद्धमा तुलनात्मक कमजोर देखिदा चीनभने महामारीबिरुद्धको वैश्विक युद्धको नेतृत्व गरिरहेको छ। नेपाल कोरोनाबिरुद्धको युद्धमा सफल देखिएको श्रोतले होइन, पूर्वतयारी र घरेलु एकिकृत शक्तिले हो।सरकारको प्रभावकारी तयारीको बिश्वले प्रशंसा गर्दा सत्तारुढ पार्टीकै केही नेताप्रशंसा गर्न चाहनुहुन्न किनकी त्यसोगर्दा प्रधानमन्त्रीको पक्षमा बोलेको ठहर्छ, जो अहिले गर्नुहुन्न भन्ने उहाँहरु ठान्नुहुन्छ। पार्टी सचिवालयको शनिवारको बैठकले अव सरकार र पार्टीलाई समन्वयमा संचालन गर्ने निर्णय गरेपछि भने अवस्था बदलिएको छ।

सत्तारुढ नेकपा इतिहासकै सबैभन्दा अनुकूल समयको सबैभन्दा प्रतिकूल आन्तरिक विवादमा फस्दैथियो।एकजना अध्यक्ष केपी शर्मा ओलीले सरकारको, अर्का अध्यक्ष प्रचण्डले पार्टीको र प्रधानमन्त्री भइसकेका माधव नेपाल र झलनाथ खनाल बरिष्ठ नेता महत्वपूर्ण बिभागको नेतृत्वमा हुनुहुन्छ। पार्टीप्रमुख र प्रधानमन्त्री दुबैको अनुभव भएका शीर्ष

> **झण्डै दुईतिहाईको नेकपा सरकारलाई नेकपा नेतृत्व नै प्रतिस्थापित गर्न किन तयार भइरहेको छ भन्ने मुल प्रश्न नेकपाको मात्रै होइन, राष्ट्रकै प्रश्न थियो। आठ लाख संगठित सदस्यको मात्र होइन, तीन करोड नागरिकको चिन्ताको बिषय थियो। किनभने राजनीतिक दलले राज्य संचालन गर्छन, ती कमजोर हुँदा राज्य कमजोर हुन्छ। २०४८ मा गिरिजाप्रसाद कोइराला नेतृत्वको बहुमतको सरकार उसैले उखेल्दा कांग्रेसप्रति नागरिक विश्वास कमजोर हुँदैगयो, २०५६ मा त्यही दोहोरियो। शेरबहादुर देउवा वारम्वार प्रधानमन्त्री बन्नुभयो तर कांग्रेसको पक्षमा जनविश्वास पुर्नस्थापित गर्नसक्नु भएन।**

चारनेता सिद्धान्त र बिचारका होइन, व्यक्तित्वको टकरावका वास्तविक पात्र बन्नुभयो। पार्टीलाई थप एकताबद्ध र सरकारलाई थप प्रभावकारी बनाउन होइन, कम्युनिष्ट पार्टी र सरकारप्रति बितृष्णा सृजना गर्ने प्रतिस्पर्धामा हुनुहुन्थ्यो तर त्यो गलत थियो। पार्टी र सरकारले हार्ने खेल अन्तत सकिएको छ।

यो अस्वस्थ प्रतिस्पर्धामा अन्तत सबैले हार्नेमात्र थियो, आफू अकाट्य हुने, फेरिनै नपर्ने तर अरु अझ कार्यकर्तामात्र फेरिनपर्ने जनवादी केन्द्रीयताले नेतृत्व भुत्ते बन्दैछ। अव नेताहरुले बुझ्नुभयो कि ?

प्रतिपक्षी नेपाली कांग्रेसले प्रधानमन्त्रीको राजिनामा मागेको थिएन तर नेकपा एक अध्यक्ष अर्का अध्यक्ष र सरकारको राजिनामा माग्नुभयो। राजिनामा माग्ने पंक्तिमा वरिष्ठ नेता नेपाल र खनाल पनि हुनुहुन्थ्यो। हिजो तीनै नेताले राजिनामाको च्याप्टर बन्द भएको बताउनु सुखद छ। यी तीनै नेता त्यही राजिनामा प्रकरणका उपलब्धीवश प्रधानमन्त्री बन्नुभएको थियो। कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले नेपाललाई संसद प्रवेश गराएर प्रधानमन्त्री बनाउनुभयो भने प्रचण्डले नेपाललाई राजिनामा गर्न बाध्य पारेर खनाललाई प्रधानमन्त्री बनाउनुभयो। खनाल पार्टी अध्यक्ष हुँदा निर्वाचनमा पराजित नेपाल प्रधानमन्त्री बन्नुभयो। गलत अभ्यासबाट सिक्ने हो, दोहोर्याउने होइन।

झण्डै दुईतिहाईको नेकपा सरकारलाई नेकपा नेतृत्व नै प्रतिस्थापित गर्न किन तयार भइरहेको छ भन्ने मुल प्रश्न नेकपाको मात्रै होइन, राष्ट्रकै प्रश्न थियो। आठ लाख संगठित सदस्यको मात्र होइन, तीन करोड नागरिकको चिन्ताको बिषय थियो। किनभने राजनीतिक दलले राज्य संचालन गर्छन, ती कमजोर हुँदा राज्य कमजोर हुन्छ। २०४८ मा गिरिजाप्रसाद कोइराला नेतृत्वको बहुमतको सरकार उसैले उखेल्दा कांग्रेसप्रति नागरिक विश्वास कमजोर हुँदैगयो, २०५६ मा त्यही दोहोरियो। शेरबहादुर देउवा वारम्वार प्रधानमन्त्री बन्नुभयो तर कांग्रेसको पक्षमा जनविश्वास पुर्नस्थापित गर्नसक्नु भएन। कम्युनिष्टको विकल्प कंग्रेस हुनुपर्ने तर देखिएको छैन। तुलनात्मक बैचारिक नेता रामचन्द्र पौडेल पार्टी र संसदीय दुबै मोर्चामा असफल जस्तै देखिनुभयो।

पूर्वएमाले र पुर्वएमाओवादीको नेकपा शक्तिले निर्वाचनमा बहुमत पायो। किनकी नागरिकलाई बिश्वास भयो नेकपाले देश बचाउँछ किनकी त्यहाँ नाकावन्दीबिरुद्ध लडेका ओली हुनुहुन्थ्यो। विश्वमा कम्युनिष्ट रक्षात्मक अवस्थामा पुग्दा नेपालमा सत्तामा पुग्यो। पश्चिम बंगालमा कम्युनिष्ट सत्ता कसरी ढल्यो र अस्तित्वको संघर्षमा छ भन्ने शीर्ष नेतालाई थाहा छ। किनकी सीपीएम र सीपीआइसँग रातदिन उठबस गरेको नेतृत्व नेकपामा छ।तर शक्तिशाली सरकार बनेको साढे दुई बर्षमै नेकपामाथि नेकपाबाटै प्रश्न उठ्नुले सकारात्मक संकेत गरेको छैन। जव नेतृत्वबाटै नेतृत्वमाथि प्रश्न उठ्छ, कार्यकर्ताले के गर्ने ? नेतृत्वले सरकारमाथि शंका गरेपछि नागरिक कसरी आश्वस्त हुन्छन्?बहुमत राजनीतिक बिश्लेषकको निश्कर्ष थियो - नेकपा सरकार नेकपाले नै ढाल्छ। नेकपा नेकपाकै कारण समाप्त हुन्छ।' यो वहस अव टर्यो। व्यक्तिबिरुद्धका अतिवादी र अभद्र टिप्पणीले त्यस्तो अप्रिय अवस्था फेरी आउन सक्छ त्यसतर्फ सबै सचेत हुनुपर्छ।

बिचार, सिद्धान्त, नीति, कार्यक्रमलाई लिएर घरभित्र सत्तागठन र बिघटनका मुद्दा उठेका भए स्वभाविक मान्नसकिन्थ्यो। तर बिडम्वना विवाद र द्वन्द्वको केन्द्रमा व्यक्तित्वका टकराव र व्यक्तिगत स्वार्थ थिए। मर्यादाक्रमका आक्रोसदेखि भागबण्डाका असन्तुष्टीसम्म संग्रहित थिए। सत्ताले बेलाबेला बलजफ्ती सत्ताभ्यास गर्ने र सत्ताबाहिरकाले प्रधानमन्त्री र संसदीय व्यवस्थाको अभ्यासलाई नबुझि बिरोधमात्र गरिरहने अवस्थालेनजानिंदो असमझदारी र असुरक्षाको खाडल निर्माण गर्यो। संवादको मात्र निरन्तरता हुँदा विवादले हुर्कने अवसर पाउने थिएनन्। संवाद नियमित हुने निर्णयले सानातिना असमझदारी त्यसै अन्त्य हुन्छ।

बर्लिनको पर्खाल ढल्दा र सोभियत संघ बिघटन हुँदा ईतिहासको अन्त्य भन्ने बिद्धानहरुलाई विश्वमा पुर्नस्थापित हुँदै गएका समाजवादी सत्ताले गलत सावित गर्दैथियो। त्यतिमात्र होइन, बिश्व सभ्यताहरुको सघर्ष र पहिचानको राजनीतिले अव विश्वलाई नेतृत्व गर्नेछ भन्ने बिद्धानलाई पनि राष्ट्रवादी राजनीतिले असफल बनाउँदै थियो। यी दुबै राजनीतिक प्रक्षेपण नेपालको हकमा पूर्णत् असफल भए। २०६४ को संविधानसभा निर्वाचनपछिको राजनीतिमा ती प्रबल हुन खोजेका थिए तर ती नियन्त्रण भए। त्यहाँबाट हुत्तिनु भएका डा. बाबुराम भट्टराई बर्षेनी पार्टी फेर्नुहुन्छ, पहिचानको राजनीति गर्नुहुन्छ, बाहुनप्रतिको उहाँको दृष्टिकोण भर्खर बिकृत रुपमा बाहिर आयो। यस्तो लाग्छ उहाँ नेपाल एकिकृत भएको हेर्न सक्नुहुन्न, बिभाजन गर्न उद्यत हुनुहुन्छ।

त्यसैले प्रश्न ओली सरकारको बिस्थापनको होइन, बिकास र समृद्धिको हो। नेपालले राजनीतिक स्थायित्वको आरम्भ गर्यो भनेर नेकपाका सबै शीर्ष नेताले दर्जनौ पटक सार्वजनिक मन्तब्य दिनुभएको छ। अव नौमहिने सरकार होइन, पाँचबर्षे सरकार दिन्छौं भनेर सपथ खानुभएको छ। हैसियत अनुसार समानताका आधारमा आलोपालो सरकारको नेतृत्व गर्ने प्रारम्भिक ऐतिहासिक सहमतिलाई समेत पछि धकेलेर पूर्णकार्यकाल ओली सरकार रहने सहमति भएको छ।सरकारको कार्यसंपादनपनि बिरोधमात्र गर्नुपर्ने तहको छैन। मन्त्रीहरु नेकपाभित्रैबाट छान्ने हो, तुलनात्मक ठिकै मन्त्रीहरु हुनुहुन्छ। जसको कार्यसंपादन सन्तोषजनक छैन, तीनलाई नयाँद्वारा प्रतिस्थापन गर्न सकिन्छ, यसअघि पनि गरिएको थियो। कोहीपनि सत्ता र सरकारमा सँधैका लागि रहँदैन।

त्यसैले नेकपा नेतत्वले अहिले नेकपाप्रतिको जनविश्वासलाई स्थापित गर्ने समय हो । एकछिनका लागि ओली सरकारको बिकल्पमा अर्को सरकार आउला, ठिकै छ। तर उक्त सरकारले नयाँ के दिन्छ ? ओली सरकारले भन्दा फरक के गर्न सक्छ ? नेकपाप्रति बिश्वास स्थापित गर्ने के छन् त्यस्ता नयाँ सोच ? फेरी ओलीकै कारण नेकपालाई जनताले मत दिएका होइनन् ? यी सबै प्रश्न अनुत्तरित थिए। अनुत्तरित प्रश्नहरुको पहाड कसरी नयाँ प्रधानमन्त्रीले छिचोल्न सक्थ्यो? प्रधानमन्त्री ओली पार्टीको सल्लाह र सुझावमा सरकार चलाउनु भयो वा भएन, भित्र वहस गर्दा हुन्छ। अव समन्वयमा संचालन गर्ने सहमति पनि भएको छ।

प्रधानमन्त्रीको चर्चामा रहनुभएका र पहिलेनै प्रधानमन्त्री भइसकेकाहरु ओलीभन्दा सक्षम र योग्य हुनुहुन्छ ?हुनुहुन्न। कार्यकर्ता र नागरिकलाई सोधौं। ओलीको सबैभन्दा ठूलो पूँजी भनेको उच्च नैतिक वल र आत्माविश्वास। त्यो उहाँको ज्ञानबाट प्राप्त भएको हो। घरभित्रका शक्तिहरुलाई कम महत्व दिनुभयो होला तर बाहिरका शक्तिसँग समानान्तर हैसियतमा आफूलाई प्रस्तुत पनि गर्नुभयो। यो ओलीको शक्ति हो। यो कार्यकाल ओलीको विकल्प ओलीमात्र हुनुहुन्छ भन्ने सबैले बुझ्नुभएको थियो। जनताले पनि त्यही चाहेका थिए।

यो इतिहास बनाउने बेला हो, इतिहासलाई लज्जित गर्ने बेला होइन। त्यो फुटेर सम्भव छैन, जुटेरमात्र छ। अहिले एकजना प्रधानमन्त्री हटाएर अर्को जना आउँदा आन्तरिक द्वन्द्व चर्कन्छभने त्यसले बिभाजनतर्फको यात्राउन्मुख गराउनसक्छ। अर्थात् अस्थिरताको अन्त्यहिन श्रृखला सुरु हुनसक्छ। जव नेकपाले देश बचाउँदैन, नागरिकको सुरक्षा गर्न सक्दैन, स्वतन्त्र र सार्वभौम नेपालको रक्षा गर्न सक्दैन भने किन कोही यो पार्टीमा रहन्छ। किन विकल्प खोज्दैन ? त्यसतर्फ नेतृत्वले सोच्नुपर्छ।सीपीसीले बनाएको बलियो जग त्यही जनबिश्वास हो। समस्या त्यहाँपनि छन्। लाखौं पार्टी कार्यकर्ता, सेना भ्रष्टाचारको छानवीनमा छन्। गरिव र धनीबीच खाडल ठूलै छ तर त्यसको समाधानका लागि सी नेतृत्वका पार्टी निरन्तर लागेको छ।

दर्शनशास्त्रका प्रयोग हुने शब्द छ- औचित्यवाद। उचित र अनुचित केलाउने नीतिशास्त्रीय मान्यतालाई नेकपा शिर्ष नेतृत्वले बेलैमा बुझे कम्युनिष्ट सरकारप्रति जनविश्वास स्थापित हुनसक्छ। नेतृत्वले महसुस गर्यो। अव सुदृढ एकता प्रदर्शन गर्नुपर्छ।

## कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि २४१० स्वाबको नमूना संलन

जनकपुरधाम। प्रदेश नं २ मा कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि स्वाबको नमूना सङ्कलन निरन्तररूपमा भइरहेको छ। यस प्रदेशमा शनिबार मध्याह्नसम्ममा दुई हजार ४१० को स्वाबको नमूना सङ्कलन गरिएको छ। सोमध्ये एक हजार ९१० को परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ भने ५०० जनाको रिपोर्ट आउन बाँकी छ।

यसअघि कोरोना प्रमाणित भएका १२ मध्ये चार उपचार गराई घर फर्किसकेका छन् भने आठ जनाको वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भइरहेको समाजिक विकास मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेले शनिबार पत्रकार सम्मेलनमा बताउनुभयो। यस प्रदेशमा चौबीस घण्टादेखि आरडिटी परीक्षण गरिएको छैन। यसअघि यस प्रदेशको आठवटै जिल्ला गरी पाँच हजार २२३ को सो परीक्षण गरिएको थियो। प्रदेशमा शनिबारसम्म एक हजार ३०७ क्वारेन्टाइन, चार हजार ५३२ होम क्वारेन्टाइन र २३ जना आइसोलेसनमा बसेका छन्।

## एकै गाउँका ४० बढी जन्डिसका बिरामी

सोलुखुम्बु, । सोलुखुम्बुको नेचासल्यान गाउँपालिका-२ सल्यानमा झाडापखाला तथा कमलपित्त (जन्डिस)का बिरामी बढेका छन्। साविक सल्यान गाविसको वडा नं १ र ३ का करिब ४० जनाभन्दा बढीमा उक्त रोग देखिएको वडाध्यक्ष भेषकुमार बाँस्तोलाले जानकारी दिनुभयो। वडाध्यक्ष बाँस्तोलाका अनुसार एकै वरिवारका चारजनासम्म बिरामी परेका छन्। झाडापखाला मात्र नभई आउँसमेत रहेको अनुमान गरिए पनि ल्याब परीक्षणबाट एकिन हुने अध्यक्ष बाँस्तोलाको भनाइ छ।

साविक वडा नं १ को चौतारा नेवार बस्तीका करिब २५ जनामा झाडापखाला र साविक वडा नं ३ का करिब २० जनामा जन्डिस देखिएको छ, अध्यक्ष बाँस्तोलाले भन्नुभयो, हिजोमात्रै स्वास्थ्यकर्मीसहितको टोली गएर त्यस क्षेत्रको वास्तविकता बुझ्दा बिरामीको सङ्ख्या बढिरहेको पाइयो। एक हप्तादेखि बिरामीको सङ्ख्या अप्रत्यासितरुपमा बढ्दै गएपछि जिल्लाबाट चिकित्सकसहितको टोली शुक्रबार त्यहाँ पुगेको छ।

सरुवा रोग तीव्र गतिमा फैलिएकाले जिल्ला अस्पताल फाप्लुबाट चिकित्सकसहितको टोली सल्यान पुगेको जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुका निमित्त प्रमुख कर्मचन्द्र राजवंशीले जानकारी दिनुभयो।

जिल्ला अस्पताल फाप्लुका डाक्टर, गाउँपालिकाका स्वास्थ्यकर्मी सबै त्यस क्षेत्रमा परिचालन गरिएको गाउँपालिकाले जनाएको छ। उक्त टोलमा प्रयोग हुँदै आएको पानीको मुहान दूषित भएकाले नै बिरामी परेको हुन सक्ने अनुमान गरिएको छ। त्यस क्षेत्रका नागरिकले प्रयोग गर्ने तीनवटा खानेपानीका मुहानमध्ये एउटा मुहान फोहर रहेको पाइएको वडाध्यक्ष बाँस्तोलाको भनाइ छ। तीनवटै मुहानको पानी परीक्षणको तयारी भइरहेकाले खानेपानी या अन्य कुनै कारणले यो रोग फैलिएको बारे अहिले नै भन्न नसकिने अध्यक्ष बाँस्तोलाले बताउनुभयो।

दैनिकरुपमा तीनदेखि चारजनामा जन्डिस देखापरेको छ, प्राथमिक स्वास्थ्य केन्द्र सल्यानका मेडिकल अधिकृत डा अविषेक सुमनले भन्नुभयो, हालसम्म बिरामीको सङ्ख्या बढेर ४० जनाभन्दा बढी पुगिसकेको छ। डा सुमनका अनुसार उनीहरुलाई घरैमा गएर उपचार गरिएको छ भने ल्याब परीक्षणका लागि प्राथमिक केन्द्रमा बोलाइएको छ। बिरामी सबैको अवस्था सामान्य रहेकाले तत्काल नियन्त्रण बाहिर नरहे तापनि कोरोना भाइरसको जोखिम रहेका बेला केही समस्या भएको चिकित्सकको भनाइ छ।

मौसम परिवर्तनका बेला विभिन्न किसिमका रोग लाग्ने भएकाले सचेत रहन चिकित्सकले सबैलाई आग्रह गरेका छन्। विश्वले सामना गरिरहेको कोभिड-१९ को जोखिमसँग अन्य रोगसमेत बढ्न सक्ने भएकाले सरकारले यसतर्फ पनि ध्यान दिनुपर्ने डा अविषेक सुमनको भनाइ छ। कोरोनामा केन्द्रित हुँदा अन्य रोगले महामारीको रुप लिन सक्नेतर्फ सबै सचेत हुनुपर्ने उहाँले बताउनुभयो।

**महिलामाथि हुने अन्यायका विरुद्ध पुरुष सहभागीता, घरेलु हिंसामा अपनाउ शुन्य सहिष्णुता**




नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**

# तातोपानी नाकाबाट अनावश्यक सामान आयात हुन थालेको भन्दै भोटेकोशीका जनप्रतिनिधि आन्दोलित



मेलम्ची । तातोपानी नाकाबाट कोरोना भाइरस प्रतिरोधी स्वास्थ सामग्री र खाद्यान्नभन्दा पनि अनावश्यक सामान आयात हुन थालेको भन्दै भोटेकोशी गाउँपालिकाका जनप्रतिनिधिले तातोपानी सुक्खा बन्दरगाह भन्सार कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् । तातोपानी भन्सारका कर्मचारी र व्यापारीको मिलेमतोमा स्याउ, लसुनजस्ता सामान तातोपानीमा आएको उनीहरुको भनाइ छ ।

भोटेकोशी गाउँपालिका-१ का वडाध्यक्ष मुके शेर्पाका अनुसार सो नाकाबाट स्वास्थ सामग्री र अतिआवश्यक खाद्यान्न मात्रै ल्याउन चीन तथा नेपालका प्रशासनिक र सुरक्षाकर्मीको बैठकले निर्णय गरेको थियो । केही दिनदेखि अतिआवश्यकभित्र नपर्ने स्याउ र लसुन ल्याएको भन्दै गाउँपालिकाका वडाध्यक्षहरुले तातोपानी सुक्खा बन्दरगाह भन्सार कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् । लकडाउनका बेला अनावश्यक वस्तु स्याउ, लसुनजस्ता सामान आयात हुन थालेपछि सीमावर्ती गाउँपालिकाका जनप्रतिनिधि आन्दोलनमा उत्रिएका हुन् ।

स्याउ र लसुन ल्याएको भन्दै गाउँपालिका-१ का अध्यक्ष शेर्पा, २ का अध्यक्ष दीपेन्द्रकुमार श्रेष्ठ, ३ का अध्यक्ष कैलाश पौडेल र ४ का अध्यक्ष साङदोर्जे शेर्पाले वैशाख १९ गते ज्ञापनपत्र बुझाउनुभएको हो । भन्सार प्रमुखले ज्ञापनपत्र लिन नमानेपछि वडाध्यक्षहरुले भन्सार कार्यालयमा सुरक्षा दिइरहेका प्रहरीमार्फत भन्सार कार्यालयलाई ज्ञापनपत्र बुझाउनुभयो ।

गाउँपालिका-२ का अध्यश्र श्रेष्ठले कोरोना भाइरसका कारण लकडाउन भएको बेला नाकाबाट स्वास्थ सामग्री र अतिआवश्यक खाद्यवस्तु (चामल, दाल, तेल, नुन) मात्रै ल्याइनुपर्ने हो तर केही दिनअघि भन्सारका कर्मचारी, केही व्यापारी, प्रशासन, सुरक्षाकर्मीको मिलेमतोमा स्याउ र लसुन ल्याइएको प्रति आक्रोश व्यक्त गर्नुभयो ।

नेपाल भित्रिएका स्याउ र लसुन राजधानी लैजान नदिने र केही गरी सो वस्तु काठमाडौं लैजाने प्रयास गरिए वडाध्यक्ष र स्थानीयवासीले प्रतिकार गर्ने वडाध्यक्षहरुले चेतावनी दिएका छन् । तत्कालका लागि कारोना भाइरस प्रतिरोधी सामग्रीबाहेकका सामान नल्याउन पनि वडाध्यक्षहरुले भन्सार कार्यालयलाई आग्रह गरेका छन् ।

लकडाउनमा स्वास्थ सामग्री र खाद्यान्नबाहेक स्याउ, लसुनलगायतका वस्तु ल्याइएको खण्डमा वडावासी र गाउँपालिकावासी सशक्त प्रतिकार गरेर सो सामान सबैको रोहवरमा नष्ट गर्ने वडाध्यक्षहरुले बताएका छन् । गाउँपालिका अध्यक्ष राजकुमार पौडेलले व्यापारी र भन्सारका कर्मचारीको मिलेमतोमा सामान आएको जानकारी दिनुभयो ।

**मापदण्ड नपुगेको भन्दै भोटेकोशीको क्वारेन्टाइन बन्द**

मापदण्ड नपुगेको भन्दै भोटेकोशीका १० श्ययाको क्वारेन्टाइन बन्द गरिएको छ । शनिबार अनुगमनका क्रममा १८ श्ययामध्ये आठ श्यया मात्र मापदण्ड पूरा भएको पाइएकाले बाँकी १० वटालाई खारेज गारिएको जिल्ला जनस्वास्थ्य कार्यलयका प्रमुख दुर्गादत्त चापागाईंले बताउनुभयो ।

जिल्ला समन्वय समितिका प्रमुख कृष्णगोपाल तामाङ, सहायक जिल्ला प्रमुख बाबुराम खनालगायतले बाह्रबिसे क्षेत्रीय क्वारेन्टाइन लामोसाँघुलगायत आसपासका क्वारेन्टाइनको अनुगमन गर्नुभएको जिल्ला समन्वय समितिका प्रमुख तामाङले जानकारी दिनुभयो । उहाँले अन्य स्थानका क्वारेन्टाइनको पनि अनुगमन गरी मापदण्ड नपुगेकाहरु बन्द गरिने बताउनुभयो ।

यसैगरी शनिबार बाह्रबिसे आसपासका आठ एम्बुलेन्स चालकलाई व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री ९पिपिइ सेट० वितरण गरिएको छ । चालकका लागि प्रदान गरिएको स्वास्थ्य सामग्रीमा पुनः प्रयोग गर्न मिल्ने व्यक्तिगत सुरक्षा सेट, मास्क, बुट र चश्मासमेत रहेको छ ।

**नेपाली कांग्रेस बाह्रबिसेको ध्यानाकर्षण**

राहत वितरणमा बाह्रबिसे नगरपालिकामा नेपाली काँग्रेसको अवरोध भन्ने समाचारप्रति काँग्रेस बाह्रबिसेले ध्यानाकर्षण भएको जनाएको छ । काँग्रेसका स्थानीय युवानेता युधीर पौडेलले राहत वितरणमा कतै अवरोध नगरेको बताउनुभयो ।

उहाँले कोरोना भाइरसले अप्ठ्यारोमा परेकालाई पार्टीको तर्फबाट राहत वितरण गरिरहेको पनि जानकारी दिनुभयो । विपद्को बेला स्थानीय सरकारसँगै सहयोगी रहने भन्दै हल्लाका पछाडि नलाग्न उहाँले सबैलाई आग्रह गर्नुभएको छ । यस्तै बाह्रबिसे नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत फणिन्द्र पौडेलले राहतको मापदण्ड बनाएर नगरले राहत वितरण गरिरहेको जानकारी दिनुभयो ।

## कोरोना विशेष अस्पतालमा आइसोलेसन कक्षको सेवा शुरु

जाजरकोट । छिमेकी जिल्ला रुकुमपश्चिमको आठविसकोट नगरपालिकामा १० दिनमा निर्मित कोरोना विशेष अस्पतालमा आइसोलेसन कक्ष सञ्चालनमा आएको छ । सो कक्षको बिहीबार उद्घाटन कार्यक्रममा टेलिफोनबाट मन्तव्य दिँदै सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का स्थायी कमिटी सदस्य एवं सांसद् जनार्दन शर्मा 'प्रभाकर' ले जिल्लाका स्थानीय तहले कोरोनाको महामारीविरुद्ध लड्न गरेको प्रयासको प्रशंसा गर्दै विपत्तिसँग जुध्न रुकुमबाट एउटा अभियान शुरु भएको बताउनुभयो ।

सङ्घीय सरकार र प्रदेश सरकारको नजर नपुगेको विकट ठाउँमा पनि १० दिनमै सुविधायुक्त अस्पताल निर्माण गरेर नगरपालिकाले प्रशंसनीय काम गरेको उहाँको भनाइ छ । देशका सबै पालिकाले यसरी नै तदारुकताका साथ भौतिक संरचना निर्माणलाई तीव्रता दिएपछि समृद्धि टाढा नभएको उहाँले बताउनुभयो । उहाँले श्रम सहकारीमार्फत जिल्लाका आठविसकोट, चौरजहारी र मुसिकोट नगरपालिकाले कोरोना भाइरसविरुद्ध लड्न आइसोलेसन निर्माण गरेको बताउनुभयो । यहाँले जिल्लाका कुनै पनि स्थानीय तहमा स्वास्थ्य सामग्रीको अभाव हुन नदिने भन्दै स्वास्थ्यको क्षेत्रलाई पनि विशेष प्राथमिकता दिएर अघि बढ्ने दाबी गर्नुभयो ।

जिल्ला समन्वय समिति प्रमुख राजकुमार शर्माले १० दिनमै आठकोठाको सुविधायुक्त कोरोना विशेष अस्पताल आइसोलेसन निर्माण गरेको भन्दै प्रशंसा गर्नुभयो । उहाँले विपत्तिको सामना गर्न नगरपालिकाले एउटा गतिलो हतियार तयारी पारेको भन्दै सबैले नगरपालिकाले देशकै उदाहरणीय काम गरेको दाबी गर्नुभयो । प्रमुख शर्माले जनताको सक्रियातामा नगरपालिकाले सुविधायुक्त आइसोलेसनकक्ष निर्माण गर्न सम्भव भएको भन्दै जनता र सरकार एकताबद्ध भएर मात्रै महामारी र विपत्तिको सामना गर्न सकिने बताउनुभयो । कोरोना भाइरसको महामारीले एउटा नयाँ पाठ सिकाएको उल्लेख गर्दै उहाँले विपत्तिसँग लड्न सबै एक भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

उद्घाटन भएसँगै कोरोना विशेष अस्पताल आइसोलेसन कक्षबाट सेवा सञ्चालन भएको छ । शुरुमा १२ श्ययाको आइसोलेसन बनाउने भनिए पनि अहिले आइसोलेसनमा थप तीनसहित १५ श्यया राखिएको नगरप्रमुख गोर्खबहादुर केसीले जानकारी दिनुभयो । उहाँका अनुसार आइसोलेसनकक्षमा बिरामीका लागि छ सुविधासम्पन्न कोठा, स्वास्थ्यकर्मीको छुट्टै वार्ड तथा जनरल वार्ड र आइसीयू पनि राखिएको छ । साथै प्रत्येक कोठामा अक्सिजन र तातोपानीको व्यवस्था भएको र अब कोरोना तथा कुनै पनि सरुवा रोगका बिरामीलाई सजिलै उपचार सेवा प्रदान गर्न सकिने नगरप्रमुख केसीले दाबी गर्नुभयो ।






## प्रधानमन्त्रीको .....

प्रभावकारी हुन नसकेको तथा सरकारसँगको सहकार्यलाई सशक्त बनाउन नसकेकामा अबदेखि त्यसलाई सुधारेर अघि बढ्ने बताउनुभएको छ ।' पार्टी र सरकारका सञ्चालनका क्रममा ओलीले मनोमानी गरेको आरोप लगाउँदै दाहाल, वरिष्ठ नेताद्वय झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतमलगायतका नेताले प्रधानमन्त्री र पार्टी अध्यक्षबाट राजीनामा दिनुपर्ने माग गर्दै आएका थिए । तर, अब प्रधानमन्त्रीको राजीनामाको विषय भने अन्त्य भएको प्रवक्ता श्रेष्ठले बताए ।

पार्टी फुटाउने बाटोमा नलाग्न दुई अध्यक्षले सचिवालय सदस्यहरूलाई निर्देशन पनि दिएका छन् । पार्टीलाई एकजुट बनाएर कोरोना महामारीविरुद्ध लड्ने निर्णय पनि सचिवालय बैठकले गरेको छ । सरकारले दुई अध्यादेश जारी र खारेज गरेसँगै देखिएको विवादले पार्टी नै फुट्ने संघारमा पुगेको विश्लेषण हुँदै गर्दा अध्यक्षद्वयले एकअर्कासँग समन्वय गरेर अगाडि बढ्ने भनेका छन् । बैठकमै नेकपा अध्यक्षद्वय ओली र दाहालले आत्मालोचना गर्दै एकआपसमा समन्वय गर्दै अगाडि बढ्ने बताएपछि अहिलेको विवादका विषयमा अब स्थायी कमिटी बैठकभित्र छलफल हुनेछ । यसअघि २० भन्दा बढी स्थायी कमिटी सदस्यले स्थायी कमिटीको बैठक माग गर्दै ओली र दाहाललाई निवेदन दिएका थिए । नेकपा सचिवालय बैठकले स्थायी कमिटीको बैठक पर्सि २५ गते बोलाउने निर्णय गरेको छ । त्यसअघि २४ वैशाखमा सचिवालय बैठक बस्ने नेकपा प्रवक्ता श्रेष्ठले बताए ।

यसैगरी, बैठकले उपाध्यक्ष वामदेव गौतमलाई उपयुक्त समयमा प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाउने पनि निर्णय गरेको छ । नेकपा सचिवालय बैठकअघि प्रधानमन्त्री ओलीले राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेट गरेका थिए । यस्तै, उपाध्यक्ष वामदेव गौतमसँग पनि ओलीले छलफल गरेका थिए । सत्तारूढ नेकपामा उत्पन्न विवाद झन् झन् बल्झिँदै गएपछि ध्रुवीकरणसमेत बढ्दै गइरहेको थियो । तर, सचिवालय बैठकले गरेको निर्णयसँगै नेकपामा देखिएको विवाद साम्य भएको र अब पार्टी र सरकार सञ्चालनलगायतका विषयमा स्थायी कमिटी बैठकमा गम्भीर रूपमा छलफल हुने नेताहरूले बताए ।

## अनलाईन ...

उनले नेटवर्क युटिलाइजेसनमा ब्यालेनस पनि हुने र अनावश्यक दवाव पनि नपर्नेगरी बिहान ५ बजे देखि १० बजे सम्मका लागि सस्तोदरमा इन्टरनेट उपलब्ध गराइएको बताए । सामुदायिक विद्यालय तथा सरकारी क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि शिक्षा मन्त्रालय एवं सञ्चार मन्त्रालयसँगको समन्वयनमा अझै केही सहुलियत दिने ठाउँ रहेको प्रबन्ध निर्देशक अधिकारीले बताउनुभयो ।

## लकडाउनमा ...

हाल देशभर ३५ हजार विद्यालय छन् । अहिले कतिपय विद्यालयले विद्यार्थी भर्ना अभियान अघि बढाएको पाइएको छ ।

## सरकारको ...

केन्द्रमा राखी बजेट विनियोजन गर्न कांग्रेसले माग गरेको हो ।

बैठकमा बोल्ने अधिकांश नेताहरुले सरकारको चर्को आलोचना गरेका छन । बैठकको सुरुमा आफ्नो धारणा राखेको वरिष्ठ नेता रामचन्द्र पौडेले रक्षक नै भक्षक भएको भन्दै राष्ट्रपति र प्रधानमन्त्रीमाथि खनिएका थिए । अन्य नेताहरु पनि राष्ट्रपति र प्रधानमन्त्रीको पछिल्लो गतिविधिप्रति प्रश्न उठाएका थिए । यस्तै युवा नेताहरुले पार्टी सरकारविरुद्ध प्रस्ट ढंगले उभिन नसकेको भन्दै सभापति शेरबहादुर देउवाप्रति पनि प्रश्न उठाएका छन् ।

बैठकमा लक डाउनमा अफठ्यारोमा परेका नागरिकहरुलाई राहत उपलब्ध गराउने काम प्रभावकारी नभएको र स्वास्थ्यकर्मीहरुलाई पिपिई अगायतका अत्यावश्यक सामग्री अभाव भएको भन्दै नेताहरुले सरकारको ध्यानाकर्षण गराइनु पर्नेमा जोड दिएका छन । यस्तै स्वास्थ्य सामग्री खरिदमा ढिलासुस्ती भएको, राहत वितरणमा सरकारले स्पष्ट नीति बनाउन नसकेको, गुणस्तरहीन राहत बाढिएको र सरकार भ्रष्टाचारका काण्डमा आफैं मुछिएको भन्दै सरकारको आलोचनातर्फ बैठक केन्द्रित भएको थियो ।

## ३ जनाविरुद्ध ...

संहिता २०७४ ले कुनै पनि घटनाबारे सुचना तथा अनुसन्धान सम्बन्धी व्यवस्थाको कार्यविधी स्पष्ट गरेको छ। कार्यविधीको परिच्छेद २ मा उक्त कार्यविधीबारे लेखिएको छ ।

**यस्तो छ व्यवस्थाः**

१) जाहेरी दरखास्त वा सूचना दर्ता नगरेमा उजुर गर्न सक्नेः (१) दफा ४ को उपदफा (१) बमोजिम दिएको जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने ब्यक्तिले त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुर प्राप्त भएमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा प्रहरी कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको जाहेरी दरखास्त वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दफा ४ को उपदफा (३) बमोजिम दर्ता गरी कारबाही गर्नु पर्नेछ ।

सांसद यादवलाई गत बिहीबार नेकपाका सांसदहरु महेश बस्नेत, किसान श्रेष्ठ र पूर्वआइजिपी सर्वेन्द्र खनालसहित महोत्तरी गएर अपहरण गरी ल्याएको भन्दै यादवको दल समाजवादीलगायत अन्य दलका नेताहरुले आरोप लगाउँदै आएका छन्। बालुवाटारकै संलग्नतामा यादवको अपहरण भएको भनी आरोप लागिरहेको छ ।

## नेपालगञ्ज ..

कार्यालयका कारोना स्थानीय स्रोत व्यक्ति नरेश श्रेष्ठले जानकारी दिए ।

पहिलो सङ्क्रमितको एकाघरको परिवारका दुई जनासहित ३५ जनाको अझै रिपोर्ट आएको छैन । आइतबार साँझसम्म ५५ जनाको रिपोर्ट आएको छ । नेपालगञ्जमा एकाएक सङ्क्रमितको सङ्ख्या बढेपछि खजुरा गाउँपालिकासँगै अन्य स्थानीय तह पनि पूर्णरुपमा सिल गरिएको छ । कोहलपुर नगरपालिकाले आफ्नो दक्षिणतर्फको सीमा पूर्णरुपमा सिल गरेको छ ।

नेपालगञ्जसँग जोडिने दक्षिणतर्फको सीमा सिल गर्ने तथा अन्य नाकामा पूर्णरुपमा कडाइ गरिएको कोहलपुर नगरपालिकाका नगर प्रमुख लुटबहादुर रावतले जानकारी दिए । आपत्कालीन सेवाबाहेकका सबै सवारी साधनलाई कोहलपुर प्रवेशमा पूर्णरुपमा रोक लगाएको नगर प्रमुख रावतले जानकारी दिए ।

कोहलपुर नगरपालिका-१५ को चौधरीया गाउँबाट बाहिरी व्यक्ति नगरभित्र प्रवेश गर्ने भएकाले त्यस क्षेत्रमा व्यापकमात्रामा सुरक्षाकर्मी परिचालन गर्ने, नगर क्षेत्रभित्र आयोजना गरिने सबैखालका औपचारिक कार्यक्रम स्थगित गर्ने र भौतिक तथा पूर्वाधार निर्माणका योजनासमेत अर्को सूचना जारी नभएसम्मका लागि बन्द गरिएको छ ।

यस्तै राप्तीसोनारी गाउँपालिकाले नेपालगञ्जसँग जोडिएको ६ नं वडाको नाका सिल गरेको छ । सो वडाको नेपालगन्जसँग जोडिएको राप्ती पुललाई पूर्णरुपमा बन्द गरिएको राप्तीसोनारी गाउँपालिका वडा नं ६ का वडाध्यक्ष जनकबहादुर थारुले जानकारी दिनुभयो । उहाँका अनुसार नरैनापुरसँगको पूर्वी नाका पनि बन्द गरिएको छ ।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख डा धवलशम्शेर राणाले नेपालगञ्जवासीलाई सावधानी अपनाउन आह्वान गर्दै नगरवासीलाई घर बाहिर ननिस्किन र लकडाउनको पूर्ण पालना गर्न आग्रह गरेका छन् । 'कन्ट्र्याक्ट ट्रेसिङ'मार्फत सङ्क्रमितको सम्पर्कमा पुगेका व्यक्तिको पहिचान भइरहेको पनि उहाँले जानकारी दिए ।

नगर प्रमुख राणाले सङ्कटका बेला लकडाउनको पूर्णपालना गर्न आग्रह गर्दै भने "सङ्कटका बेला नेपालगञ्जवासीले संयमता अपनाउनुपर्छ, हामी आत्तिनु हुँदैन । सरकारले गरेको लकडाउन सबैले पालना गरेर सावधान बनौँ", उहाँले विज्ञप्ति जारी गर्दै विश्वभर कोरोना महामारी फैलिरहेको अवस्थामा नगरवासीलाई जोखिमबाट बच्न र सचेत हुन आग्रह गरेका छन् ।

# चाप बढेपछि उपत्यकामा थप सतर्कता



काठमाडौं । कोभिड-१९ को सङ्क्रमण रोक्न मुलुकमा जारी गरिएको बन्दाबन्दीको अवधि लम्बिँदै जाँदा काठमाडौं उपत्यकाभित्र सवारीको चाप बढ्न थालेपछि स्थानीय प्रशासनले थप सतर्कता अपनाएको छ । काठमाडौं, ललितपुर र भक्तपुर तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायले गाडीको चापलाई व्यवस्थित गर्न र रोगको सङ्क्रमण भित्रिन नदिन उच्च सतर्कता अपनाउँदै सुरक्षा व्यवस्थालाई थप चुस्त पार्न थालेको हो । आवश्यक अन्य सुरक्षा सावधानीसमेत अपनाउन थालिएको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले आवश्यक सुरक्षा व्यवस्थाका साथै रोगको सङ्क्रमण भित्रिन नदिन उत्तिकै तयारीका साथ लागेको बताउनुभयो । सोही सिलसिलामा आज मात्रै प्रजिअ दाहाल तथा महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) भीमप्रसाद ढकालसहितको टोलीले उपत्यकाको विभिन्न क्षेत्रको स्थलगत अवलोकन गर्दै गाडीको आवतजावत, हालको सुरक्षा अवस्था र भावी दिनमा अपनाउनुपर्ने योजनाका बारेमा जानकारी लिनुभएको छ ।


"अहिलेसम्मको लकडाउनको अवस्थाको मूल्याङ्कन गर्दै आगामी दिनमा उपत्यकामा हुनसक्ने सम्भावित जोखिम रोक्ने विषयमा नै हाम्रो ध्यान छ, त्यहीअनुसार आवश्यक सुरक्षा र सावधानी अपनाउन थालेका छौँ, नयाँ नयाँ स्वास्थ्य सुरक्षा रणनीतिसमेत बन्दै छ", प्रजिअ दाहालले भन्नुभयो । नागढुङ्गा नाकामा भएको सवारी आवागमनको अवस्था र यहाँ हालै स्थापना गरिएको डिसइन्फेक्सन टनेल र यसको प्रभावकारिताका बारेमा समेत उहाँहरुले जानकारी लिनुभएको छ । काठमाडौं उपत्यका प्रवेश गर्ने मुड्खु, जगाती, फर्पिङ र जर्सिङपौवा नाका मुख्य छ ।

नागढुङ्गामा जसरी अन्य नाकामा समेत टनेल राख्ने योजना बनाइएको छ । हुमाने र फर्पिङमा टनेल राख्ने तयारी गरिएको प्रजिअ दाहाले बताउनुभयो । क्रमशः अन्य नाकामा पनि राख्दै जाने योजना रहेको उल्लेख गर्दै भन्नुभयो, "भारतबाट आउने मालबाहक सवारीमा विशेष निगरानी बढाउनुपर्ने अवस्था छ, अहिले सवारीलाई डिसइन्फेक्सन गर्ने काम थालिएको छ, यात्रुलाई समेत डिसइन्फेक्सन कसरी गर्न सकिन्न भन्नेमा सोच अघि बढाएका छौँ ।" सडकमा राखिएको उक्त टनेलमा गाडी प्रवेश गरेपछि विभन्न ठाउँमा राखेको केमिकलयुक्त पानीको फोहराले गाडीलाई डिसइन्फेक्सन गराउँछ । यसले बाहिरबाट आएका सवारी साधनका किटाणुलाई रोक्ने दाबी छ । स्वास्थ्य मन्त्रालयसँगको समन्वयमा मानिसको शरीरमा हानि नहुनेखालको केमिकल प्रयोग गरिएको टनेल राख्ने सुन्दर यातायातका अध्यक्ष भेषबहादुर थापाले बताउनुभयो ।

उहाँका अनुसार मानिसका लागि हानि नहुनेखालको केमिकल प्रयोग भए पनि अहिलेसम्म गाडीलाई मात्रै हालिएको छ । यहाँ प्रभावकारी भएमा काठमाडौंको मुख्य नाका र देशका प्रमुख शहरमा यस्तै टनेल राख्ने योजना रहेको उहाँले सुनाउनुभयो । यद्यपि यसको प्रभावकारिताका बारेमा भने प्रश्न उठेको छ । सोही क्रममा कार्यस्थलमा खटिएका सुरक्षाकर्मीले वर्तमान अवस्था र आइपरेका समस्याका बारेमा प्रजिअ दाहाललाई जानकारी गराएका थिए । मुख्यगरी बाहिरबाट पास लिएर आउने गाडीको चाप बढी देखिएकाले यसतर्फ सचेत हुनुपर्ने सुरक्षाकर्मीको सुझाव थियो । वर्तमान अवस्थामा अझै पनि उपत्यका आवागमनलाई खुला गर्न नहुने भन्दै आवाज उठ्न थालेको छ । लकडाउनलाई निरन्तरता दिए पनि केही खुकुलो पार्नुपर्ने आवश्यकता देखिन्छ ।

सर्वसाधारणले एउटै कोठामा बसेर राज्यलाई सहयोग गरेकामा प्रजिअ दाहालले धन्यवाद दिँदै भन्नुभयो, "लकडाउनको मोडालिटी परिवर्तन गर्नुपर्छ, विकास निर्माणका काम थालिएको, कृषि कार्य शुरु भएकाले सुरक्षा सावधानी अपनाएर थप खुकुलो गर्नुपर्ने आवश्यकता छ ।" गाडीको डिसइन्फेक्सनसँगै सुरक्षा व्यवस्थासमेत उत्तिकै चुस्त पारिएको छ । विशेष सुरक्षा सतर्कता अपनाएर बाहिरबाट उपत्यकामा गाडी प्रवेश गराइएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख ढकालले बताउनुभयो । राजधानीलाई सुरक्षित बनाउन सबैखालको सुरक्षा अपनाएर प्रहरी परिचालन गरिरहेको छ । राज्यको नीति निर्देशनलाई कार्यान्वयन गर्दै समस्याको सहजीकरण गर्ने तथा सवारीको जाँच र अभिलेखीकरणलाई दुरुस्त पार्न थालिएको उहाँले बताउनुभयो ।

ट्राफिक प्रहरी महाशाखाले उपत्यकमा दिनमा १५५ स्थान र रातमा ४५ स्थानमा चेक प्वाइन्ट राखी जाँचको व्यवस्था मिलाएको जनाएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीसमेत उत्तिकै मात्रामा खटिएका छन् । उपत्यकामा विगतका दिनमा भन्दा अहिले सवारीको चाप बढ्न थालेकाले ट्राफिक नियम उल्लङ्घन विरुद्धसमेत कारवाही शुरु गरेको छ । बाहिरी जिल्लाबाट पास पाएका गाडीसमेत बढ्न थालेको छ । राहत वितरण र अत्यावश्यक सामान ओसारपसार बढेको, विभिन्न कार्यालय सञ्चालन हुन थालेको र उद्योग तथा आयोजना सञ्चालन हुने क्रम बढेकाले पनि यातायतको चाप बढेको प्रहरीले जनाएको छ ।







**जनआकाश मिडिया प्रा.लि.का लागिः** **प्रकाशकः** द्रोणबहादुर बस्नेत, **प्रधान सम्पादक**, मोहन कार्की ९८६१५८८४५६, **कम्प्युटरः** जनआकाश डेस्कटप
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, **मुद्रणः** सुप्रिम प्रिन्टिङ्ग प्रेस